*नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६५।८।१८ को निर्णयबाट स्वीकृत*

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

# गाउं विकास समिति अनुदान संचालन कार्यविधि, २०६५

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

२०६५

# बिषय–सूची


| | |
|---|---|
| १. परिचय | 1 |
| २. संक्षिप्त नाम र प्रारम्भ | 1 |
| ३. परिभाषा | 1 |
| ४. गाउं विकास समिति अनुदानको उद्देश्य | 2 |
| ५. गाउं विकास समिति अनुदान कार्यक्रम संचालन | 3 |
| ६. गाउँ विकास समिति अनुदान बाँडफाँडको आधार | 3 |
| ७. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट प्रवाह हुने थप अनुदान सम्बन्धी व्यवस्था | 3 |
| ८. कार्यक्रम तर्जुमा | 4 |
| ९. गाउं विकास समिति अनुदान निकासा प्रक्रिया | 9 |
| १०. गाउं विकास समिति अनुदान कार्यक्रम कार्यान्वयन | 11 |
| ११. कार्यक्रम संचालनमा कर्मचारी सम्वन्धी व्यवस्था | 13 |
| १२. कार्यक्रम सञ्चालनमा जिल्ला विकास समितिको भूमिका | 15 |
| १३. प्राविधिक सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन | 15 |
| १४. जाँचपास तथा फरफारक | 16 |
| १५. कार्यक्रमको अनुगमन, समीक्षा र प्रगति प्रतिवेदन | 16 |
| १६. जिल्ला विकास समितिले निर्देशन दिन सक्ने | 17 |
| १७. लेखा र लेखा परीक्षण | 17 |
| १८. योजनाको दिगो सञ्चालन | 18 |
| १९. कार्यक्रम संचालन सम्वन्धी कार्यतालिका | 18 |
| २०. थपघट र हेरफेर | 19 |
| २१. खारेजी र बचाउ | 19 |
| **अनुसूचीहरु** | 20–38 |

# गाउ विकास समिति अनुदान संचालन कार्यविधि, 2065

Formatted: Font: Kanchan

**१. परिचय**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ (१३) मा वहुसंख्यक ग्रामीण जनताको हितलाई ध्यानमा राखी ग्रामीण विकासको गतिलाई तीव्रतर बनाउँदै लैजाने नीति राज्यले अवलम्वन गरेको र संविधानको धारा १३९ र १४० मा स्थानीय निकायमा साधन श्रोत परिचालन, अधिकार र जिम्मेवारी निक्षेपण हुने व्यवस्था रहेको छ । यस कार्यविधिले स्थानीय स्वायत्त शासन ऐन, २०५५ का सिद्धान्त तथा नीतिहरूलाई प्रभावकारी रूपले कार्यान्वयन गर्न गाउँ विकास समिति अनुदान कार्यक्रमलाई योजनाबद्ध रूपमा व्यवस्थित गराउने उद्देश्य राखेको छ । "**हाम्रो गाउं राम्रो बनाउं**" भन्ने नाराका साथ जनतालाई स्थानीय सेवा र सुविधामा सहज पहुँच वृद्धि गराई जनसहभागिता जुटाउन, स्थानीय निकायलाई जनचाहना प्रति संवेदनशील र जनउत्तरदायी बनाउन, गाउँ विकास समितिलाई सवल र स्वावलम्वी बनाई सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा आयव्ययलाई पारदर्शी गराउने कार्यका लागि स्थानीय स्वायत्त शासन ऐनको दफा २३६(२) बमोजिम गाउँ विकास समिति अनुदान कार्यक्रम संचालन गर्न यो कार्यविधि तर्जुमा गरी लागू गरिएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गाउँ विकास समिति अनुदान संचालन कार्यविधि, २०६५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**३. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई जनाउँछ ।

(ख) "नियमावली " भन्नाले स्थानीय स्वायत्त शासन नियमावली २०५६ लाई जनाउँछ ।

(ग) "आर्थिक प्रशासन नियमाबली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमाबली २०६४ जनाउँछ ।

(घ) "विनियमावली" भन्नाले स्थानीय निकायको परिषदबाट स्वीकृत भै लागू रहेका आर्थिक प्रशासन, कर्मचारी प्रशासन र स्थानीय विकाष कोष विनियमावली समेतलाई जनाउँछ ।

(ङ) "उपभोक्ता समिति" भन्नाले निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको स्थानीय निकाय आर्थिक प्रशासन नियमाबली २०६४ को नियम १५५ र १५६ बमोजिमका उपभोक्ता समित समेत जनाउँछ ।

(च) "सामुदायिक संस्था" भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय निकायमा सूचीकृत भएका समुदायमा आधारित संस्थालाई जनाउँछ ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको "स्थानीय विकास" मन्त्रालयलाई जनाउँछ ।

ज) "विषयगत मन्त्रालय" भन्नाले गाउँ विकास समितिसंग सहकार्य गर्न इच्छुक वा सहकार्य गरिरहेका मन्त्रालयलाई जनाउँछ ।

(ज) "एक तह माथिको अधिकारी" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि निक्षेपित क्षेत्रका गाउँ विकास समितिस्तरका कार्यालय वा इकाईहरुको हकमा गाउँ विकास समिति सचिव, गाउँ विकास समिति सचिवको

हकमा गाउँ विकास समिति अध्यक्ष र गाउँ विकास समिति अध्यक्षको हकमा गाउँ विकास समितिलाई जनाउँछ ।

(झ) "सामाजिक परीक्षण" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमाबलीको नियम २०१ सामाजिक जिम्मेवारीको लेखाजोखालाई जनाउँछ ।

(ञ) "सार्वजनिक परीक्षण" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमाबलीको नियम २०१ (२) बमोजिम विकास कार्यक्रममा भएको लगानीको सरोकारवालाले गर्ने लेखाजोखालाई जनाउँछ ।

(ट) "इलाका सेवा केन्द्र" भन्नाले जिल्ला विकास समितिले गाउँ विकास समितिको प्राविधिक सेवाको निमित्त सेवा केन्द्र तहमा गठन गरेको प्राविधिक इकाईको संरचना समेतलाई जनाउँछ ।

ठ) "गैसस" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि स्थानीय तहको समग्र बिकासमा ठोस योगदान पुऱ्याउन केही गरौं भन्ने भावनाले प्रेरित भई गठन भएका निश्चित लक्ष्य, उद्देश्य प्राप्त गर्ने संरचना भएको नाफा रहित स्वतःस्फूर्त गैर सरकारी रुपमा गठन र सञ्चालन भएका संघ, संस्था, क्लव, प्रतिष्ठान, समिति, गुठी आदिलाई जनाउँछ ।

ढ) "सहकारी" भन्नाले एउटै गाउँ विकास समितिको क्षेत्र अन्तर्गत कार्यरत रहेको सहकारीलाई जनाउँछ ।

**४. गाउं विकास समिति अनुदानको उद्देश्य**

देहायका उद्देश्य प्राप्तिका लागि र गाउँ विकास समितिका कृयाकलापहरुलाई उत्तरदायी/पारदर्शी, विधिसंगत तथा प्रभावकारी रुपमा संचालन/व्यवस्थापन गर्न यो कार्यविधि स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३६ (२) को अधीनमा रही जारी गरिएको छ ।

१. स्थानीय स्तरमा व्यापक जनसमुदायसंगको अन्तरक्रिया एवं सामाजिक परिचालनका माध्यमबाट गठन भएका र हुने सामुदायिक संस्था/उपभोक्ता समुहको प्रत्यक्ष सहभागिताबाट तिनीहरुको श्रम, सीप, स्रोत र साधनको उपयोग समेत गरी स्थानीय जनताको माग अनुसारका सेवा, सुविधा स्थानीय निकायबाट प्रदान गर्दै तिनीहरुको सामाजिक र आर्थिक सशक्तीकरणको माध्यमबाट दिगो विकास साथै गरिवी निवारणमा टेवा पुर्याउन ।
२. सहभागितामूलक योजना प्रक्रिया अवलम्बन गर्दै योजनाबद्ध विकासको माध्यमबाट विकासको प्रतिफल वस्ती तहका विपन्न वर्गमा पुऱ्याई विकेन्द्रीत योजना प्रक्रियाको संस्थागत विकासमा सहयोग पुर्याउन ।
३. समाजमा आर्थिक एवं सामाजिक रुपले पिछडिएका एवं मूल प्रवाहिकरण हुन नसकेका महिला, बालवालिका, दलित, आदिवासी/जनजाती, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, मधेशी, मुश्लीम एवं पिछडा वर्ग र आर्थिक रुपमा अति विपन्न वर्गको मूलप्रवाहीकरण र सशक्तीकरणका माध्यमबाट विकासमा पहुँच वढाउनका साथै ती वर्गलाई सामाजिक, आर्थिक न्याय प्राप्तिमा सहयोग पुऱ्याउन ।
४. गाउँ विकास समितिको आन्तरिक आयमा वृद्धि गरी उक्त आयलाई ग्रामीण क्षेत्रको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहयोग पुर्याउन ।
५. स्थानीय स्तरमा आर्थिक तथा सामाजिक पूर्वाधारको विस्तार गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याई जीवनस्तरमा सुधार ल्याउन ।
६. गाउँ विकास समितिमा प्राप्त हुने सबै प्रकारका श्रोत साधनलाई व्यवस्थित रुपमा सदुपयोग गरी पारदर्शी, अनुशासित र जवाफदेहि ढंगले संस्थागत सुदृढीकरण र क्षमता विकास गराउन ।
७. विषयगत निकाय तथा विकासका अन्य साझेदारहरुबाट गाउँ विकास समितिमा प्रवाह हुने स्रोत साधनको समन्वय गर्दै एकीकृत रुपमा उपयोग गरी सेवा प्रवाहमा परिपूरकता कायम गर्न ।
८. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) लाई गाउँ विकास क्षेत्रमा प्रभावकारी रुपमा व्यवस्थापन गर्न गराउन ।

## ५. गाउं विकास समिति अनुदान कार्यक्रम संचालन

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६ को व्यवस्था बमोजिम गाउँ विकास समितिले सहभागीतामूलक योजना तर्जुमा पद्धति अवलम्वन गर्दै सबै प्रकारका श्रोत समावेश गरी बार्षिक गाउँ विकास योजना परिषद्बाट पारित गरी संचालन गर्नु पर्नेछ ।

## ६. गाउं विकास समिति अनुदान बांडफांडको आधार :

नेपाल सरकारबाट प्राप्त अनुदानलाई गाउँ विकास समितिहरुको विविधतालाई समूहमा आवद्ध गरी निम्न बमोजिम सूत्रको आधारमा बजेट विनियोजन गरिनेछ । यसरी प्रदान गरिने विनियोजन रकम नेपाल सरकारले तोके बमोजिम हुनेछ । विनियोजित कूल रकमको २० प्रतिशत चालूतर्फ र ८० प्रतिशत पूँजीगततर्फ विनियोजन गरिनेछ । तर चालुतर्फ गाउँ विकास समितिस्तरमा विनियोजनको हकमा अख्तियारीमा निर्धारण भएको भन्दा बढी खर्च गर्न पाइने छैन । अख्तियारी विनियोजनमा चालुतर्फ २० प्रतिशत भन्दा बढी रकम विनियोजन भएको खण्डमा सो बढी रकम समेत पूँजीगततर्फ कार्यक्रममा खर्च गर्नुपर्नेछ । अनुदान वितरणका आधारहरु देहाय बमोजिम रहनेछन् ।

| | | |
|---|---|---|
| (क) | गाउँ विकास समितिको जनसंख्या (२०५८ को जनगणनाका आधारमा) | - ६० प्रतिशत |
| (ख) | लागत सूचीको विश्लेषणका आधारमा | - ३० प्रतिशत |
| (ग) | गाउँ विकास समितिको क्षेत्रफल | - १० प्रतिशत |

## ७. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) बाट प्रवाह हुने थप अनुदान (Topping Up Block Grant) सम्बन्धी व्यवस्थाः

### ७.१. गाउं विकास समितिलाई न्यूनतम शर्तमा आधारित थप अनुदानः

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) मा व्यवस्था गरिएको थप अनुदान रकम विपन्न वर्ग नक्साङ्कन (DAG Mapping) को आधारमा विपन्न वर्गमा पर्ने गाउँ विकास समितिहरुलाई क्रमशः[1] प्रदान गरिने छ । गाउँ विकास समितिलाई प्रदान गरिने यस्तो थप अनुदान न्यूनतम शर्त (MC) सम्वन्धी मन्त्रालयले तयार गरेको कार्यविधि बमोजिम हुनेछ ।

### ७.२.सामाजिक परिचालन (Social mobilization)

LGCDP कार्यक्रम लागु भएका जिल्लाहरुमा विपन्न नक्साङ्कनबाट चौथो तथा तेश्रो वर्गमा परेका गाउँ विकास समितिहरुमा सामाजिक परिचालनका लागि छुट्टै थप रकम उपलब्ध गराईनेछ । गाउँ विकास समिति क्षेत्रमा सन्चालन हुने सामाजिक परिचालनको कार्य स्थानीय विकास कोष, गाउँ विकास समिति स्वयं, सामुदायिक विकास कोष, गैर सरकारी संस्था तथा सामुदायिक संस्था मार्फत गरिनेछ । यस्तो सामाजिक परिचालनको कार्य स्थानीय विकास मन्त्रालयबाट स्वीकृत सामाजिक परिचालन सम्वन्धी कार्यविधि बमोजिम हुनेछ ।

### ७.३. विपन्न तथा लक्षित वर्गको लागि लगानीमा सुरक्षा (Safety Net):

गाउँ विकास समितिमा रहेका अति विपन्न, दलित एवं लोपोन्मुख समुदाय (DAG समूहमा समावेश भएका) लाई कार्यक्रमको लाभ सुनिश्चित गर्न र तिनीहरुको विकास कार्यमा पहुँच सुनिश्चित गर्न विपन्न तथा लक्षित वर्गको उत्थान विकास कार्यक्रम (Safety Net) सञ्चालन गरिने छ । यस्तो कार्यमा स्थानीय शासन तथा समुदाय विकास कार्यक्रम (LGCDP) बाट बुँदा ७ बमोजिम गाउँ विकास समितिलाई प्राप्त थप अनुदानको रकमबाट

[1] यस्तो थप अनुदान प्रथम वर्षमा अत्यन्त विपन्न Category 4 मा पर्ने गाउँ विकास समिति सहित ९०० गाउँ विकास समितिमा, दोश्रो वर्षमा २००० गाउँ विकास समिति र तेश्रो वर्षमा ३००० गाउँ विकास समिति तथा चौथो वर्षमा सबै गाउँ विकास समितिलाई उपलब्ध गराइने ।

समूहद्वारा माग भएका योजनाहरुलाई कम्तिमा ३३% रकम विनियोजन गर्नुपर्नेछ । यस सम्बन्धी अन्य व्यवस्था स्थानीय विकास मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

## ८. कार्यक्रम तर्जुमा

### ८.१ गाउँ विकास क्षेत्रको वस्तुगत विवरण, श्रोत नक्सा तथा आवधिक योजना तयार गर्नुपर्ने

क) गाउँ विकास समितिले आफ्नो गाउँ विकास क्षेत्रको प्रारम्भिक सर्वेक्षण (Base Line Survey) गरी गाउँ पार्श्वचित्र (Village Profile) तथा श्रोत नक्शा तयार गरी नियमित रुपमा अद्यावधिक गर्दै जानुपर्नेछ । गाउँ पार्श्वचित्र तथा श्रोत नक्शाको आधारमा आवधिक योजना समेत तयार गर्नुपर्नेछ । गाउँ पार्श्वचित्रको नमूना स्थानीय विकास मन्त्रालयले तयार गरी पठाउनेछ ।

ख) बुँदा ८.१. (क) अनुसारको विवरणको आधारमा गाउँ विकास समितिले आफ्नो क्षेत्रको विकासको सम्भावना र प्राप्त हुने श्रोतको सीमा (Limitation) समेतको विश्लेषण गरी गाउँ परिषदमा पेश गर्नुपर्नेछ ।

### ८.२ योजना प्रस्ताव र स्वीकृति

क) गाउँ विकास समितिमा बार्षिक रुपमा प्राप्त हुने सबैं प्रकारका श्रोतहरुको अनुमान गरी नेपाल सरकारबाट प्राप्त हुने मार्ग दर्शन समेतलाई ध्यानमा राखी क्षेत्रगत तथा लक्षित वर्गको उत्थान विकासका लागि वडागत रुपमा योजनाहरुको प्रस्ताव आव्हान गर्नुपर्नेछ । यसरी प्रस्ताव आव्हान गर्दा योजना छनौट तथा प्राथमिकीकरणका आधारहरु समेत उपलब्ध गराउनु पर्नेछ ।

ख) बुँदा ८.२. (क) अनुसारको प्रस्ताव पेश गर्दा लाभान्वित समूहका प्रस्तावकहरु (उपभोक्ता समूह/सामुदायिक संस्था) ले आफूले परिचालन गर्ने श्रोत तथा जनसहभागिताको किसिम एवं परिमाण र योजनाको दिगो संचालन एवं मर्मत सम्भार सम्वन्धी व्यवस्था स्पष्ट रुपले खुलाउनुपर्नेछ ।

ग) सामुदायिक संस्था एवं उपभोक्ता समूहहरुले स्थानीय आवश्यकतालाई पहिचान गरी योजना प्रस्तावहरु वडाभेला/वडा समिति मार्फत् गाउँ विकास समितिमा पेश गर्न लगाउनु पर्नेछ । यसरी पेश हुन आएका योजनाको गाउँ विकास समितिले बढीमा २ वर्षभित्र सम्पन्न हुन सक्ने योजनाहरुको यकिन गर्ने र सो को प्राथमिकता निर्धारण गरी गाउँ परिषद्‌बाट स्वीकृत गर्नुपर्नेछ ।

### ८.३. योजना प्राथमिकीकरणः

योजना तर्जुमा गर्दा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ४३ को उपदफा (३) र (६) मा उल्लेख भएका कुराहरुका अतिरिक्त देहायका कुराहरुमा ध्यान दिई प्राथमिकीकरण गर्नुपर्नेछ । प्राथमिकीकरण सम्वन्धी नमूना फाराम अनुसूची १२ मा संलग्न छ ।

क) कृषि तथा सिंचाई सम्बन्धी योजनाहरु

ख) सामाजिक र आर्थिक रुपले विपन्न वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने योजनाहरु । [2]

ग) सामाजिक तथा भौतिक एवं आर्थिक पूर्वाधार सम्वन्धी योजनाहरु

घ) स्थानीय जनताको मागमा आधारित, स्थानीय स्रोत साधनले धान्न सक्ने र दिगो प्रकृतिका योजनाहरुका साथै बढीभन्दा बढी स्थानीय सीप, साधन, प्रविधि, बातावरण मैत्री, श्रममूलक र लागत सहभागिता तथा जनसहभागितामा आधारित हुने योजनाहरु ।

ङ) महिला, दलित, आदिवासी/जनजाती, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, मधेशी, मुस्लीम एवं पिछडा वर्गको मूलप्रवाहीकरण, सशक्तिकरण र हक, हितका लागि संचालन गरिने योजनाहरु ।

च) बाल मैत्री आयोजनाहरु

छ) उपभोक्ता समिति र सामुदायिक संस्थाहरुद्वारा नै सञ्चालन, मर्मत संभार गर्न सकिने खालका योजनाहरु ।

ज) खानेपानी तथा सरसफाई सम्वन्धी अभियान सम्वन्धी योजनाहरु

---

[2] विपन्नता नक्साङ्कनको आधारमा योजनाहरुको प्राथमिकता निर्धारण गर्नुपर्नेछ ।

झ) चेतना अभिवृद्धि, सामाजिक परिचालन, संस्थागत क्षमता वृद्धिको कार्यक्रम तथा तालिमहरू ।

ञ) विषयगत क्षेत्र (स्वास्थ्य, शिक्षा, कृषि, वन, जडीबुटी) को विकास सम्वन्धी योजनाहरु ।

ट) वातावरण संरक्षण तथा नवीकरणीय उर्जा विकास सम्वन्धी योजनाहरु ।

**८.४ योजनाको सूची र सम्भाव्यता अध्ययन**

क) गाउँ विकास समितिले पूर्व सम्भाव्यता अध्ययन तथा एकीकृत योजना तर्जुमा समितिबाट प्राथमिकीकरण सहित सिफारिस भएका योजनाहरुको स्वीकृतीको लागि गाउँ परिषद्मा पेश गर्नुपर्नेछ ।

ख) आफ्नो क्षेत्रको विकासका सम्भावना र प्राप्त हुने श्रोतको सीमा समेतको आधारमा वडास्तरवाट प्राप्त गरेका योजना सम्वन्धी प्रस्तावहरु र अन्य गाउँ विकास समिति/जिल्ला विकास समिति वा निकायहरुसँग मिलेर सञ्चालन गर्न सकिने आपसी लाभ हुने योजनाहरुको सूची तयार गरी सम्भाव्यता अध्ययन (आँकलन) गराउनु पर्नेछ ।

ग) गाउँ विकास समितिले सम्भाव्य देखिएका भौतिक पूर्वाधार सम्वन्धी योजनाहरुको प्राविधिकबाट पूर्व सम्भाव्यता अध्ययन गराउनुपर्नेछ ।

८.५. क) यस कार्यविधि बमोजिम गाउँ स्तरीय योजना तर्जुमाको प्रयोजनको लागि देहाय बमोजिमको समितिले एकीकृत योजना तर्जुमा समितिको रुपमा काम गर्नेछ ।

| | | |
|---|---|---|
| 1. | गाउँ विकास समितिको अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको व्यक्ति | -संयोजक |
| 2. | गाउँ विकास समितिमा क्रियाशिल राजनैतिक दलका प्रतिनिधिहरु[3] | -सदस्य |
| 3. | विषयगत कार्यालयका गाउँ/इलाका स्तरीय कार्यालयका प्रमुख | -सदस्य |
| 4. | गाउँ विकास समितिमा कार्यरत गैर सरकारी संस्था मध्येबाट गाउँ विकास समितिले मनोनित गरेको प्रतिनिधि (१ जना) | -सदस्य |
| 5. | गाउँ विकास समितिबाट मनोनित सामुदायिक संस्थाको प्रतिनिधि (२ जना) | -सदस्य |
| 6. | दलित मध्येबाट गाउँ विकास समितिले मनोनयन गरेको १ (जना) | -सदस्य |
| 7. | गाउँ विकास समितिबाट मनोनित गाउँ विकास समितिमा रहेका महिला संस्थाका प्रतिनिधि २ (जना) | -सदस्य |
| 8. | गाउँ विकास समितिबाट मनोनित आदिवासी/जनजातीका प्रतिनिधि २ (जना) | -सदस्य |
| 9. | गाउँ विकास क्षेत्र भित्र रहेका प्राथमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये गाउँ विकास समितिबाट मनोनित १ (जना) | - सदस्य |
| 10. | गाउँ विकास समितिको सचिव[4] | - सदस्य सचिव |

गाउँ विकास समितिले तोक्ने/मनोनित गर्ने सदस्यहरु मध्ये कम्तीमा ३३ प्रतिशत सदस्यहरु महिला हुनेछन् ।

ख) यसरी गठित एकीकृत योजना तर्जुमा समितिको कार्य विवरण देहाय बमोजिम हुनेछ ।

अ) सहभागितामूलक तवरबाट प्राप्त हुन आएका योजनाहरुलाई प्राथमिकीकरण गरी सूचीकृत गर्ने ।

आ) प्राप्त हुन आएका योजनाहरुलाई क्षेत्रगत रुपमा छुट्टयाई समूहीकृत गर्ने ।

इ) गाउँ विकास समितिले निर्धारण गरेका प्राथमिकताका आधारमा प्राप्त योजनाहरुलाई बजेट सीमा भित्र रही प्राथमिकीकरण गरी गाउँ विकास समितिमा सिफारिस गर्ने ।

ई) यसरी प्राथमिकीकरण गर्दा योजना तर्जुमा सम्वन्धी उपयुक्त विधिहरु (जस्तैः समजोडी स्तरीकरण र अन्य उपयुक्त सहभागितामूलक ग्रामीण लेखाजोखाका विधिहरु) अवलम्वन गर्ने ।

---

[3] जनप्रतिनिधिहरु सहितको गाउँ विकास समिति गठन भएको अवस्थामा गाउँ विकास समितिका पदाधिकारीहरु र गाउँ विकास समिति गठन नभएको अवस्थामा क्रियाशिल राजनैतिक दलका प्रतिनिधिहरु

[4] संयोजक र सदस्य सचिव एकै व्यक्ति भएमा संयोजकले तोकेको व्यक्तिले सदस्य सचिव भै कामकाज गर्नेछ ।

उ) यस समितिले योजनाको सिफारिस गर्दा कार्यविधिले तोके बमोजिमका (आर्थिक सामाजिक पूर्वाधारका योजनाहरु (बुँदा ८.६.१ (क), (समावेशी तथा लैङ्गिक विकास (बुँदा ८.६.१. (ख)) र क्षमता विकास बुँदा ८.६.२. (ख)) को छुट्टाछुट्टै सूची पेश गर्नुपर्नेछ ।

ऊ) आफ्नो कार्यमा विषयगत प्राविधिक राय सुझाव आवश्यक भएमा त्यस्तो राय सुझाव लिन सक्ने ।

### ८.६ प्रस्तावित कार्यक्रम र बजेट तर्जुमा

वार्षिक कार्यक्रम र वजेट तर्जुमा गर्दा, प्राप्त अनुदान, आफ्नो आन्तरिक आम्दानीवाट प्राप्त हुने रकम र अन्य सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त स्रोत समेतलाइ समावेश गरी सोवाट सञ्चालन हुने कार्यक्रमहरु छुट्टा छुट्टै देखिने गरी तर्जुमा गर्नुपर्नेछ ।

८.६.१. गाउँ विकास अनुदानको अख्तियारी बमोजिम प्राप्त पूँजीगत खर्चबाट देहायका शिर्षकहरुमा खर्च गर्न सकिनेछ ।

क) केन्द्रबाट प्राप्त अनुदान रकममध्ये पूँजीगततर्फको रकमवाट यस कार्यविधिको अधिनमा रही मागमा आधारित ग्रामीण क्षेत्रको रुपान्तरणमा सहयोग पुर्‍याउने खालका लघु जलविद्युत तथा ग्रामीण विद्युतीकरण, सडक तथा ढल निर्माण, साना सिंचाई (बहु उपयोग जल प्रणाली), कर्ल्भट तथा साना पुल पुलेसा, खानेपानी तथा सरसफाई, प्राथमिक विद्यालय भवन तथा सामुदायिक भवन निर्माण एवं मर्मत, उप-स्वास्थ्य चौकी निर्माण तथा मर्मत, कृषि हाट बजार निर्माण तथा व्यवस्थापन, विपन्न वर्गको आय वढ्ने सीपमूलक तालिमहरु, वन तथा वातावरण र सरसफाई, नदी नियन्त्रण तथा अन्य प्रकोप नियन्त्रण तथा व्यवस्थापन, सामुदायिक नर्सरी तथा वृक्षारोपण, सामुदायिक रेडियो सन्चालन भवन, सहकारी भवन जस्ता आर्थिक पूर्वाधारका कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

ख) पूँजीगततर्फको वजेटवाट निम्न क्षेत्रहरुमा लक्षित हुनेगरि मागको आधारमा योजनाहरु सञ्चालन गर्न कम्तिमा १५ प्रतिशतसम्म रकम छुट्याई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । [5]यसरी विनियोजित रकमवाट उपभोक्ताको सीप विकास, रोजगारी सृजना, क्षमता अभिवृद्धि तथा श्रोत साधनमा पहुँच पुर्‍याउने कार्यमा खर्च गर्न सकिनेछ । यस्तो रकमवाट तल उल्लेखित क्षेत्रहरुमा सञ्चालन हुने अन्य कार्यक्रमका लागि समपूरक कोष (Matching Fund) का रुपमा समेत राख्न सकिनेछ ।

- महिला सशक्तिकरण र विकास सम्बन्धी योजनाहरु
- बालवालिका विकास सम्वन्धी योजनाहरु
- दलित वर्ग शशक्तिकरण र विकास सम्वन्धी योजनाहरु
- आदिवासी/जनजाती[6]को उत्थान विकास सम्वन्धी योजनाहरु
- अशक्त/अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण सम्वन्धी योजनाहरु
- मधेशी, मुश्लीम एवं पिछडा वर्गका उत्थान सम्वन्धी योजनाहरु
- जेष्ठ नागरिकको सुरक्षा, सुविधा र क्षमता उपयोग सम्वन्धी योजनाहरु
- युवा सशक्तिकरण र खेलकुद सम्बन्धी योजनाहरु

तर विपन्न नक्साङ्कनमा अति विपन्न वर्ग (ग र घ श्रेणीमा पर्ने), बाल मैत्री र महिला हिंसा मुक्त गाउँ विकास समिति घोषणा गरी कार्यक्रम संचालन गर्ने गाउँ विकास समितिको हकमा यस्तो सीमा कम्तीमा २५% सम्म कायम गर्न सकिनेछ ।

ग) प्राथमिक र माध्यमिक शिक्षा तथा सीपमुलक व्यवसायीक शिक्षण संस्था खोल्न परिषदले निर्णय गरे बमोजिमको धरौटीको लागि समपूरक रकमको रुपमा राख्न सकिनेछ ।

---

[5] उल्लेखित क्षेत्रहरुमा छुट्याईएको रकमहरु खर्च नभएमा पूँजीगत रकममा समायोजन हुनेछ ।

[6]**क) लोपोन्मुख समूहः** कुसुण्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशवाडिया
**ख) अति सिमान्तिकृत समूहः** माझी, सियार, ल्होमी (शिङसावा), थुदाम, धानुक, चेपाङ, सतार (सन्थाल), थामी, झाँगड, बोटे, दनुवार, वरामु
**ग) सिमान्तिकृत समूहः** सुनुवार, थारु, तामाङ, भुजेल, कुमाल, राजवंशी, गन्गाई, धिमाल, भोटे, दराई, ताजपुरिया, पहरी, तोक्पेगोला, डोल्पो, फ्रि, मुगाल, लार्के, ल्होपा, दुरा, वालुङ

घ) चालु खर्चबाट विद्यालयलाई दिने शिक्षक पारिश्रमिकको लागि गर्ने खर्च पर्याप्त नभएको गाउँ परिषद्ले पुष्टयाई सहित निर्णय गरेमा पूँजीगत रकमबाट रु १ लाखमा ननाघ्ने गरी विद्यालयलाई दिने शिक्षक पारिश्रमिक अनुदानमा खर्च गर्न सकिनेछ । यसरी छनौट भएका विद्यालयहरुमा थप शिक्षकको नियुक्ति विद्यालय व्यवस्थापन समितिले स्वीकृत मापदण्डका आधारमा गर्न सक्नेछ । यस सम्वन्धमा गाउँ विकास समितिले स्वीकृति प्रदान भएको शिक्षकका लागि चाहिने रकम वार्षिक कार्यक्रममा समावेश गराई सम्बन्धित विद्यालयसँग सम्झौता गरी अनुदानको रूपमा उपलब्ध गराउन सक्नेछ। यस कार्यमा सवैका लागि शिक्षा नीति अनुरुप चाहिने मापदण्ड निर्धारण गर्ने र आवश्यक सहयोग सम्वन्धित जिल्ला शिक्षा कार्यालयवाट लिन सकिनेछ ।

ङ) गाउँ विकास समितिले छनौट गरेका विद्यालयहरुमा थप शिक्षकको नियुक्ति विद्यालय व्यवस्थापन समितिले स्वीकृत मापदण्डका आधारमा गर्न सक्नेछ । यस सम्बन्धमा गाउँ विकास समितिले स्वीकृति प्रदान भएको शिक्षकका लागि चाहिने रकम वार्षिक कार्यक्रममा समावेश गराई सम्बन्धित विद्यालयसँग सम्झौता गरी अनुदानको रूपमा उपलब्ध गराउन सक्नेछ। यस कार्यमा सवैका लागि शिक्षा नीति अनुरुप चाहिने मापदण्ड निर्धारण गर्ने र आवश्यक सहयोग सम्वन्धित जिल्ला शिक्षा कार्यालयवाट लिन सकिनेछ ।

८.६.२. गाउँ विकास अनुदानको रकमबाट अख्तियारी वमोजिम प्राप्त चालू खर्चवाट देहायका शीर्षकहरुमा खर्च गर्न सकिनेछ। यस्तो बजेट रकमलाई विनियोजन गर्दा ७५ प्रतिशत प्रशासनिक र २५ प्रतिशत क्षमता विकासमा विभाजन गरी सोही मुताविक बाँडफाँड गर्नुपर्नेछ ।

क) प्रशासनिक खर्चः

1. अध्यक्ष तथा उपाध्यक्षको मासिक पारिश्रमिक ।
2. गाउँ विकास समिति कार्यालयका कर्मचारीहरुको तलव भत्ता र अन्य खर्चहरु। (प्राविधिक कर्मचारीको व्यवस्था भएमा सो समेत)
3. शिक्षा मन्त्रालयद्वारा निर्धारित मापदण्ड वमोजिमको विद्यार्थी अनुपातमा शिक्षक नपुगेका विद्यालयमा शिक्षक अनुदान बापतको खर्च ।
4. सामाजिक परिचालनमा खर्च हुने रकम
5. बैठक भत्ता
6. कार्यालय सञ्चालन सम्वन्धि अन्य खर्च

ख) **क्षमता विकासः**

मानव संशाधनको क्षमता विकास प्रयोजनका लागि क्षमता विकासतर्फ विनियोजित रकमबाट निम्न बमोजिमका कार्यक्रम संचालन गर्नुपर्नेछ ।

1. कार्यालयका कर्मचारी, गाउँ विकास समितिका पदाधिकारीहरु र उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकास (प्राविधिक सीप, दक्षता, जागरण) कार्यक्रम संचालन गर्ने ।
2. गाउँ विकास समितिमा भएका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने दक्ष स्वास्थ्यकर्मी सेवा करारमा लिन सकिनेछ। यसरी सेवा करारमा लिंदा लाग्ने पारिश्रमिक रकम जिल्ला जनस्वास्थ्य कार्यालयवाट कार्य विवरण वनाउन प्राविधिक सहयोग लिई स्वास्थ्य/उपस्वास्थ्य चौकी व्यवस्थापन समितिलाई अनुदान दिने ।
3. स्थानीय जनतालाई अत्यावश्यक भएका जनस्वास्थ्य, मातृशिशु कल्याण, साक्षरता एवं शिक्षा, कृषि, पशुस्वास्थ्य तथा लघु उद्योगका लागि व्यावसायिक ज्ञान, सीप जस्ता सेवाहरु सहज रुपमा उपलब्ध हुने किसिमले स्थानीय व्यक्तिलाई दिइने स्वरोजगारमूलक र पूर्वव्यावसायिक तालिम कार्यक्रमहरुको तर्जुमा गरी संचालन गर्ने ।
4. समूहमा संचालन गरिने सामुदायिक तथा प्रजनन स्वास्थ्य, परिवार नियोजन र मातृशिशु कल्याण, पोलियो तथा खोप, भिटामिन 'ए' जस्ता बालस्वास्थ्य कार्यक्रमहरु संचालन गर्न वा सामाजिक सहजकर्ता पारिश्रमिक वा यस्तै क्रियाकलापमा समपूरक रूपमा लगानी गर्ने ।

5. सामाजिक परिचालन सम्वन्धी सहजकर्ताको पारिश्रमिकको हकमा गाउँ विकास समितिले एकिन गरी अवधि र पारिश्रमिक तोकी सेवा करारमा लिंदा लाग्ने म्याचिङ खर्च वा पारिश्रमिक व्यहोर्न सकिने । तर दीर्घकालिन दायित्व श्रृजना हुने गरी सामाजिक परिचालन नियुक्त गर्न पाइने छैन ।

6. गाउँ विकास समितिका पदाधिकारी, कर्मचारी, उपभोक्ता समितिका अध्यक्ष लगायतका पदाधिकारीहरु, सुपरभाईजर, नाईके, स्थानीय स्तरका मिस्त्री, कालीगढ, प्लम्वर आदिको क्षमता एवं सीप अभिवृदिका लागि आवश्यकता पहिचान गरी तालिम दिने ।

7. क्षमता विकास सम्वन्धी प्रवर्धनात्मक कार्यक्रमहरुः

अ) महिला हिंसा नियन्त्रण (विवाद मध्यस्थकर्ता समूहहरु जस्तैः प्यारालिगल कमिटि)

आ) सुत्केरी सुविधाका लागि समूहगत रुपमा उपकरण तथा औजार खरिद सम्वन्धी कार्य ।

इ) बाल क्लब, दौंतरी समूह, आमा समूह आदिको परिचालन कार्य ।

ई) बालश्रम उन्मुलन, घरेलु हिंसा नियन्त्रण तथा मानव बेचबिखन नियन्त्रण सम्बन्धी कार्य ।

उ) झाडापखाला, हैजा जस्ता महामारी रोगहरु नियन्त्रण तथा यस सम्वन्धी प्रचार प्रसार कार्य ।

ए) राष्ट्रिय अभियानसंग सम्वन्धित कार्यहरु (जस्तैः भिटामिन "ए" र पोलियो थोपा खुवाउने कार्यक्रम आदि) ।

ऐ) भाषा, साहित्य, लोक साहित्य विकाससंग सम्बन्धित कार्यहरु

ग) अन्य कार्यक्रमहरु

प्रकोप व्यवस्थापन कोष खडा गरी यस कोषमा जम्मा भएको रकम गाउँ विकास समितिको निर्णयले राहत प्रदान गर्ने तथा प्रकोप व्यवस्थापनसंग सम्वन्धित कार्यमा खर्च गरिनेछ । यसमा खर्च नभै बाँकी रहेको रकम संचित हुँदै जानेछ ।

तर, यस कोषमा जम्मा भएको रकम दैवी प्रकोपवाट पिडित व्यक्तिहरुलाई राहत उपलब्ध गराउने प्रयोजनका लागि वाहेक अन्य आर्थिक सहायताका लागि खर्च गर्न पाइने छैन ।

घ) यस अनुदान कार्यक्रम अन्तरगतको रकम देहाय वमोजिमका कार्यमा खर्च गर्न पाइने छैनः-

१) वडापिच्छे दामासाहीले रकम बाँडफाँड गर्न,

२) पुँजीगततर्फको रकम सापटी ल्याई चालू खर्च गर्न ।

३) राजनैतिक दल तथा भातृ संघ-संगठन, संघ संस्था र व्यक्तिलाई आर्थिक सहायतामा खर्च गर्न

४) गाउँ परिषद्मा निर्णय नभएका कार्यक्रमहरुमा खर्च गर्न

५) शिक्षा मन्त्रालयद्वारा निर्धारित मापदण्ड विपरित विद्यालयलाई दिने शिक्षक पारिश्रमिक अनुदानमा खर्च गर्न

ङ) वुँदा ८.६.१. (क) अनुसारका योजनाको स्वरुप, अनुमानित लागत (डिजाइन, इष्टिमेट) तयार भैसकेपछि गाउँ विकास समितिले गाउँ विकास कोषबाट खर्च हुने सम्पूर्ण योजनाहरुको प्रस्तावित कार्यक्रम र बजेट तयार गर्नेछ ।

च) वार्षिक कार्यक्रम तर्जुमा गर्दा गाउँ विकास समितिले आफ्नो क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरु र जिल्ला विकास समिति तथा जोडिएका छिमेकी गाउँ विकास समिति/नगरपालिकाको सहयोग लिन सक्नेछ। यस्तो सहयोग माग गरेको अवस्थामा आवश्यक सहयोग पुऱ्याउनु ती निकायहरुको कर्तव्य हुनेछ ।

छ) पूर्वाधार सम्वन्धी कार्य गर्दा एक भन्दा बढी गाउँ विकास समिति/नगरपालिका लाभान्वित हुने देखिएमा अन्तर स्थानीय निकाय समन्वय समिति गठन गरी कार्य गर्न सक्नेछ । यस्तो अवस्थामा जिल्ला विकास समितिले सहजीकरण गर्नुपर्नेछ ।

**ज)** मानव संशाधन विकासको लागि गाउँ विकास समितिले प्रत्येक वर्ष कार्ययोजना बनाई रकमको बाँडफाँड स्वीकृत गर्नेछ साथै तालिम कार्यक्रमहरु संचालन गर्नु अगावै तालिमको अनुगमन कार्ययोजना अनिवार्य रुपमा तयार गर्नुपर्नेछ ।

**८.७ जनसहभागिता**

क) कार्यक्रम र बजेट तयार गर्ने सिलसिलामा योजनाहरुको छनौट गर्दा समान प्रकृतिका योजनाहरुमध्ये बढी जनसहभागिता जुटाउने योजनालाई प्राथमिकता दिनुपर्नेछ। जनसहभागिताको मापदण्ड तयार गर्दा महिला दलित तथा विपन्न वर्गलाई प्रत्यक्ष लाभ पुऱ्याउने वा श्रम प्रधान वा निर्माण सामग्रीको बढी प्रयोग हुने योजना/कार्यक्रमको आधारमा यस्तो जनसहभागीताको न्यूनतम मापदण्ड गाउँ विकास समिति/गाउँ परिषदवाट निर्धारण गर्नुपर्नेछ।

ख) गाउँ विकास समितिमा सामाजिक परिचालन कार्यक्रमको माध्यमबाट गठन भई सञ्चालन भएका सहकारी/सामुदायिक संस्थाहरूलाई योजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्यांकनमा सहभागी गराउनुपर्नेछ।

ग) सामाजिक एवं आर्थिक रुपले पछाडि परेका व्यक्ति/समुदायको सहभागिता अनिवार्य हुनुपर्नेछ।

**८.८ कार्यक्रम र बजेटको स्वीकृति**

क) **बुँदा ८.**६ वमोजिम गाउँ विकास समितिले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ६६ मा भएको व्यवस्था अनुसार योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरी तयार भएको प्रस्तावित कार्यक्रम र बजेट गाउँ परिषद्बाट स्वीकृत गराएको हुनु पर्दछ।

ख) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २३ (४) मा भएको व्यवस्था अनुसार गाउँ परिषदबाट स्वीकृत भई कार्यान्वयनका लागि सम्झौता भइसकेपछि कार्यक्रम र बजेट पुनः संशोधन गर्न पाइने छैन। परिषद्को बैठक र कार्य प्रक्रिया स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को परिच्छेद-२ बमोजिम भएको हुनुपर्नेछ।

**ग**) गाउँ परिषद्बाट स्वीकृत बजेट र कार्यक्रमको जानकारी गाउँ विकास समितिको कार्यालयले सार्वजनिक गर्नु पर्नेछ। यसरी स्वीकृत भएको वार्षिक कार्यक्रम र बजेटको एकप्रति जिल्ला विकास समितिको कार्यालयमा पठाउने जिम्मेवारी गाउँ विकास समिति सचिवको हुनेछ।

## ९. गाउं विकास समिति अनुदान निकासा प्रक्रिया

क) गाउँ विकास समिति अनुदानको रकम सोझै कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्वन्धित गाउँ विकास समितिको खातामा निकासा जाने छ। यसको निकासा प्रक्रिया देहाय बमोजिम हुनेछ :

१. गाउँ विकास समितिले विनियोजित अनुदान रकम चालु र पूँजीगत खर्चमा वर्गीकरण गरी चौमासिक रुपमा निकासा मागको निमित्त जिल्ला विकास समितिमा पेश गर्नुपर्नेछ।

२. गाउँ विकास समितिबाट प्राप्त मागमा बुँदा नं. ९ (ख) बमोजिमको प्रक्रिया जाँच गरी स्थानीय विकास अधिकारीले अनुसूची नं. ३ मा तोकिएको फाराम अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयसंग निकासा माग गर्नेछ।

ख) गाउँ विकास समितिले प्रथम चौमासिक रकम निकासा माग गर्दा देहाय अनुसारको विवरण तथा कागजात अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछः-

१) अनुसूची-.१ बमोजिमको चौमासिक निकासा माग पत्र।

२) गाउँ परिषदबाट स्वीकृत वार्षिक कार्यक्रम, खर्चको अनुमान र योजनाको विवरण (अनुसूची-.२)।

३) गत आर्थिक वर्षमा संचालन भई सम्पन्न भएका र क्रमागत योजनाहरुको वार्षिक प्रगति विवरण।

४) गत विगत वर्षमा कार्यक्रम कार्यान्वयनको लागि दिइएको तर फछर्यौट हुन बाँकी पेश्किको विवरण।

५) गत आर्थिक वर्षको अनुदान निकासा र खर्चको अन्तिम लेखा परीक्षणको प्रतिवेदन।

ग) गाउँ विकास समिति अनुदानको प्रथम चौमासिक रकम स्थानीय विकास अधिकारीले कोष तथा लेखा नियन्त्रक कार्यालयसँग निकासाको लागि माग गर्दा अघिल्लो आर्थिक वर्षमा निकासा दिएको रकमहरुको निकासा खर्च एवम् बाँकी विवरण र फछर्यौट हुन बाँकी पेश्कि गाउँ विकास समितिबाट प्राप्त गर्नुपर्नेछ।

घ) गाउँ विकास समितिको अनुरोधमा स्थानीय विकास अधिकारीको निकासा माग बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रथम चौमासिक रकम मध्ये कन्टिन्जेन्सी रकम बाहेक गाउँ विकास समितिको खातामा जम्मा गर्नुपर्नेछ । यसरी जम्मा गर्दा प्राविधिक तथा प्रशासनिक सहयोग बापत वुँदा ११.२.२ (ङ) बमोजिमको कन्टिन्जेन्सी रकम गाउँ विकास समितिहरूको वार्षिक अनुदानबाट हिसाब गरी जिल्ला विकास समितिको कार्यालयको खातामा सोझै जम्मा हुनेछ । जिल्ला विकास समितिले गाउँ विकास समितिमा गएको र जिल्ला विकास समितिमा प्राप्त भएको रकमको हिसाब अनुसूची. ४ बमोजिमको रजिष्टर खडा गरी राख्नु पर्नेछ ।

ङ) गाउँ विकास समितिले दोश्रो चौमासिक रकम माग गर्दा देहाय अनुसारको विवरण स्थानीय विकास अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ ।

१) प्रथम चौमासिक रकम माग गर्दा पेश गरेको विगतका वर्षहरुको बाँकी रकम खर्च विवरण र बाँकी पेश्कीमध्ये फछ्यौंटको विवरण ।

२) प्रथम चौमासिक रकमबाट गरिएको कार्य प्रगति र खर्चको विवरण ।

३) बुँदा नं. १३ को प्रकृया पुर्‍याई आएका योजना र क्रमागत योजनाहरु समेतको वार्षिक प्रगति प्रतिवेदन उपर गाउँ परिषदले गरेको समीक्षा प्रतिवेदन ।

च) बुँदा ९ “ङ” बमोजिमको प्रक्रिया पूरा गरी गाउँ विकास समितिले दोश्रो चौमासिक रकम माग गरेपछि गांउ विकास समितिको मागमा स्थानीय विकास अधिकारीले दोश्रो चौमासिक रकम निकासाको निमित्त कोष तथा लेखा नियन्त्रक कार्यालयमा एकमुष्ट माथ गर्नेछ । यसरी माग प्राप्त भएपछि कोष तथा लेखा नियन्त्रक कार्यालयले दोश्रो चौमासिक रकमको निकासा दिनुपर्नेछ ।

छ) गाउँ विकास समितिले तेश्रो चौमासिक रकम माग गर्दा देहायका प्रक्रिया पूरा गरी स्थानीय विकास अधिकारी मार्फत् माग गर्नुपर्नेछ ।

१) प्रथम चौमासिकको रकमबाट भएको कार्यको प्राविधिक मूल्यांकन सहितको यथार्थ प्रगति विवरण तथा दोश्रो चौमासिकको प्रगति प्रतिवेदन । (क वर्गको भौगोलिक क्षेत्र भएको गाउँ विकास समितिमा कम्तीमा ६० प्रतिशत कार्य प्रगति भएको हुनुपर्ने र अन्य भौगोलिक क्षेत्रमा ८० प्रतिशत कार्य प्रगति भएको हुनुपर्ने र सो हुन नसकेमा पुष्ट्याई सहितको चित्तवुझ्दो कारण पेश गरेमा मात्र स्थानीय विकास अधिकारीले निकासाका लागि माग गरि पठाउने)

२) गत विगत वर्षको फछ्र्यौट हुन बाँकी पेश्की लगत अनुसार कम्तीमा ५० प्रतिशत पेश्कि फछ्र्यौटको विवरण ।

३) अघिल्लो आर्थिक वर्षको अन्तिम लेखा परीक्षण प्रतिवेदन ।

ज) बुँदा ९ “छ” वमोजिमको प्रक्रिया पूरा गरी गाउँ विकास समितिले तेश्रो चौमासिक रकम माग गरेपछि स्थानीय विकास अधिकारीले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयसँग तेश्रो चौमासिक रकम निकासाका लागि सिफारिश सहित माग गर्नेछन् । यसरी माग प्राप्त भएपछि कोष तथा लेखा नियन्त्रक कार्यालयले तेश्रो चौमासिक रकम सम्वन्धित गाउँ विकास समितिका लागि निकासा दिनुपर्नेछ । तर पूँजीगत खर्चवाट चालू खर्चमा रकमान्तर गर्न भने पाईनेछैन ।

झ) माथि बुँदाहरुमा जेसुकै लेखिएको भएतापनि गाउँ विकास समितिलाई उपलब्ध गराउनुपर्ने चालू खर्चको रकम गाउँ विकास समितिले स्थानीय विकास अधिकारीको सिफारिश तथा माग वमोजिम पहिलो, दोश्रो र तेश्रो चौमासिकको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले निकासा दिनुपर्नेछ ।

ञ) आर्थिक वर्षको अन्त्यमा जिल्ला विकास समितिमा खोलिएको गाउँ विकास समिति अनुदान खातामा खर्च नभई बाँकी रहेको अनुदान रकमको अंश फ्रिज हुनेछ । तर कर्णाली अञ्चल र बाजुरा जिल्लाका स्थानीय निकायहरुको हकमा अर्को आर्थिक वर्षको कार्तिक मसान्तसम्म खर्च नभै वाँकी रहेको पूँजीगत अनुदान रकमको अंश फ्रिज हुनेछ ।

ट) जिल्ला विकास समितिमा रहेको गाउँ विकास समिति अनुदान खाताबाट गाउँ विकास समितिको खातामा बाहेक अन्य कुनै खातामा वा व्यक्तिलाई रकम निकासा दिइने छैन ।

ठ) यस कार्यविधि बमोजिम गाउँ विकास समिति अनुदान रकमको अख्तियारी अर्थ मन्त्रालयबाट स्थानीय विकास अधिकारीको नाममा जानेछ ।

ड) स्थानीय विकास अधिकारीले सम्बन्धित गाउँ विकास समितिको कार्यालयलाई यो कार्यविधि अनुसार रकम खर्च गर्न निर्देशन पठाउनु पर्नेछ ।

ढ) स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६० मा उल्लेख भए अनुसार यो अनुदान रकम गाउँ विकास समितिको कोषमा जम्मा गरी खर्च गर्नुपर्नेछ । यस प्रयोजनका निम्ति संभव भएसम्म गाउँ विकास समितिले सरकारी कारोवार गर्ने वैंकमा 'ग' समूहको खाता खोली आर्थिक कारोवार गर्नुपर्दछ । यसो गर्न नसकिने अवस्थामा पायक पर्ने वैंकमा गाउँ विकास समिति कोषका लागि एउटा मूल खाता रहने गरी चालू खर्च र पूँजीगत खर्चका लागि छुट्टा छुट्टै थप २ वटा खाता समेत खोली आर्थिक कारोवार सञ्चालन गर्नुपर्दछ । कार्यसञ्चालन स्तरमा चालु खर्च र पूँजिगत खर्चको हिसाव छुट्टा छुट्टै खातामा प्रविस्टि गराई राख्नुपर्ने छ । उक्त हिसाव मासिक रुपमा बैङ्क खातासंग मिलान गराउनु पर्नेछ ।

## १०. गाउं विकास समिति अनुदान कार्यक्रम कार्यान्वयन

### १०.१ योजना कार्यान्वयन गर्ने प्रक्रिया

क) योजनाहरु साधारणतया उपभोक्ता समितिमार्फत संचालन गर्नुपर्नेछ। उपभोक्ता समितिबाट संचालन गर्दा अनुसूची- ५ बमोजिमको सम्झौता फाराममा सम्झौता गर्नुपर्नेछ ।

ख) उपभोक्ता समितिबाट संचालन हुन नसक्ने योजनाहरु कुन प्रक्रियाबाट संचालन गर्ने भन्ने वारेमा गाउँ विकास समितिले निर्णय लिनेछ ।

ग) गाउँ विकास समितिले योजना कार्यान्वयन गर्दा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५१ (५) बमोजिम गैरसरकारी संस्था, सामुदायिक संस्थाबाट समेत कार्यान्वयन गराउन सक्नेछ ।

घ) गाउँ विकास समितिको निर्णयानुसार अन्य प्रक्रियाबाट योजना कार्यान्वयन गर्ने भएपनि योजनाबाट प्रत्यक्ष लाभ पाउने उपभोक्ताहरुको भेलाबाट उपभोक्ता समिति गठन गरी सो समितिबाट रेखदेख र सुपरीवेक्षण गराउनु पर्नेछ ।

ङ) गाउँ विकास समितिले योजना कार्यान्वयन गर्ने निकायसँग कार्यान्वयन कार्यतालिका सहित योजना कार्यान्वयनको सम्झौता गर्नुपर्नेछ। सम्झौता गर्दा उपभोक्ता समितिका सदस्य समेतको उपस्थितिमा गर्नुपर्नेछ ।

च) सम्झौता अनुसार निर्धारित समयमा कार्यान्वयन गर्ने निकायले योजना सम्पन्न गर्नुपर्नेछ। योजना सम्पन्न हुन नसकेमा सम्पन्न हुन नसक्नाको औचित्यको आधारमा गाउँ विकास समितिले सम्झौताको म्याद थप गर्न सक्नेछ। तर योजना सम्पन्न गर्ने कूल अवधि दुई आर्थिक वर्षभन्दा वढी हुने छैन ।

छ) जानीजानी वा लापरबाहीले तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिसँग गाउँ विकास समितिले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

ज) योजना कार्यान्वयन भएपछि त्यस्ता योजनाको सार्वजनिक परीक्षण गराउनुपर्नेछ । सार्वजनिक परीक्षणको ढाँचा अनुसूची ११ बमोजिम हुनेछ ।

झ) गाउँ विकास समितिले बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्दा स्थानीय निकाय आर्थिक प्रशासन निमायवली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४, यो कार्यविधि र परिषद्‌बाट स्वीकृत विनियमावली बमोजिम गर्नुपर्नेछ ।

### १०.२ उपभोक्ता समितिको गठन

क) गाउँ विकास समितिको कार्यालयले वा निजले तोकेको व्यक्ति वा संस्थाले वडा समितिको सहभागितामा योजनाबाट प्रत्यक्ष रुपमा फाइदा पाउने उपभोक्ताहरुको व्यापक भेला गराई योजनाको अनुमानित लागत ( लगत इष्टिमेट), कार्यतालिका, कार्यान्वयन गर्ने निकाय र प्रक्रियाको सम्वन्धमा जानकारी गराउनुपर्नेछ ।

ख) गाउँ विकास समितिको कार्यालयले यस्तो उपभोक्ता भेलाबाट प्रत्येक योजनाका लागि बेग्लाबेग्लै उपभोक्ता समिति गठन गर्नेछ। यसरी गठन हुने उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला अनिवार्य हुनु पर्नेछ । यसका अलावा दलित, जनजाती र पिछडिएका वर्गहरुको समेत प्रतिनिधित्व गराईएको हुनु पर्नेछ। दुई वा दुईभन्दा बढी वडामा योजना संचालन हुने भएमा अन्तर वडा समन्वय समिति पनि गठन गर्न सकिनेछ । तर यसरी गठन हुने सबै उपभोक्ता समितिको प्रतिनिधित्व भएको हुनुपर्नेछ ।

ग) सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह, सामुदायिक संस्था वा संस्थाहरूको संलग्नतामा पनि कार्यक्रम संचालन गर्न सकिनेछ ।

घ) दुई वा दुइभन्दा बढी गाउँ विकास समितिहरु मिलेर संचालन गर्ने योजनामा संयुक्त उपभोक्ता समिति गठन गर्नुपर्नेछ । यस्तो उपभोक्ता समितिलाई सम्वन्धित गाउँ विकास समितिले अनुमोदन गर्नुपर्नेछ ।

ङ) उपभोक्ता समितिको गठन, कार्यविधि, काम, कर्तव्य र अधिकार स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा उल्लेख भए वमोजिम हुनेछ ।

च) उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरु उपभोक्ता समितिको सचिवले लिखित रुपमा राख्नुपर्नेछ ।

छ) प्रत्येक उपभोक्ता समितिले अनुसूची- ७ बमोजिमको प्रगति विवरण गाउँ विकास समितिमा उपलब्ध गराउनुपर्नेछ ।

ज) लगत इष्टिमेट गर्दा उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाका लागि उपभोक्ता समितिको क्षमता विकास एवं प्रशासनिक खर्च गर्न कूल लागतको (आवश्यकता अनुसार बढीमा) ३ प्रतिशतसम्म रकम व्यवस्था गर्न सकिनेछ ।

**१०.३ गाउँ विकास समितिबाट योजनाका लागि रकम निकासा र खर्च गर्ने तरिका**

क) योजना कार्यान्वयन गर्न उपभोक्ता समितिसँग सम्झौता भइसकेपछि गाउँ विकास समितिले सम्झौतामा उल्लेख भए बमोजिम किस्ताबन्दीमा [7] रकम निकासा गरिदिनेछ ।

ख) गाउँ विकास समितिले दोस्रो वा त्यसपछिका किस्ताहरु अघिल्लो किस्ताको प्राविधिक मूल्यांकन तथा प्रतिवेदन समेत हेरी उपलब्ध गराउनेछ ।

ग) योजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले गाउँ विकास समितिबाट प्राप्त किस्ता रकम संभव भएसम्म नजिकैको बैंकमा खाता खोली राख्नुपर्नेछ । उपभोक्ता समितिको खाताको संचालन उपभोक्ता समूहका कम्तिमा दुई तिहाइ सदस्यले निर्धारण गरे बमोजिमका पदाधिकारीको संयुक्त दस्तखतबाट हुनेछ ।

घ) किस्ताको रकम प्राप्त गरिसकेपछि योजनाको अनुमानित लागत (लगत इष्टिमेट) अनुसारका खरिद गर्नुपर्ने निर्माण सामग्रीहरु कार्यतालिकामा निर्धारण गरिएको समयभित्रै कार्यान्वयन गर्ने निकायहरुले आफैं वा संयुक्त रुपमा वा यस्ता निकायहरुको अनुरोधमा गाउँ विकास समितिले व्यवस्था गर्नुपर्नेछ ।

ङ) योजनालाई आवश्यक हुने निर्माण सामग्रीहरुको गुणस्तरीयता यकिन गरी प्रचलित कानून अनुसार खरिद गर्नुपर्नेछ ।

च) कार्यान्वयन गर्ने निकायले गाउँ विकास समितिबाट प्राप्त निर्माण सामग्रीहरु जिन्सी खातामा आम्दानी बाँधी सो को जानकारी गाउँ विकास समितिलाई दिनुपर्नेछ ।

छ) योजनाको हिसाव प्रचलित कानून बमोजिम राख्ने जिम्मेवारी कार्यान्वयन गर्ने निकायको हुनेछ। यस्तो हिसाव राख्ने सम्वन्धमा गाउँ विकास समितिको सचिवले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

ज) गाउँ विकास समिति स्तरमा योजनाहरुको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरुस्त राख्ने, आन्तरिक लेखा परीक्षण गराउने र नियमित रुपमा भौतिक र वित्तीय प्रगति प्रतिवेदन पठाउने जिम्मेवारी गाउँ विकास समितिको अध्यक्ष र सचिवको हुनेछ ।

झ) गाउँ विकास समिति अनुदान रकम खर्च गर्दा नेपाल सरकारबाट जारी भएको सरकारी खर्चको मितव्ययिता कायम गर्ने निर्देशिका, २०६५ लाई मार्गदर्शनको रुपमा अवलम्वन गर्नु पर्नेछ ।

ञ) नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकमको छुट्टै अभिलेख राख्नुपर्नेछ ।

ट) ५० हजार भन्दा माथिको योजनाको हकमा उपभोक्ता भेलाले वर्षको एक पटक सामाजिक परीक्षण गर्नुपर्नेछ ।

[7] आयोजनाको प्रकृति हेरी किस्ता सङ्ख्या र रकम सम्झौतामा उल्लेख गर्नुपर्नेछ ।

## ११. कार्यक्रम संचालनमा कर्मचारी सम्वन्धी व्यवस्था

### ११.१ गाउं विकास समितिमा कर्मचारीको व्यवस्था

क) गाउँ विकास समितिले आफ्नो कर्मचारीको व्यवस्था गर्दा देहायको कुराको विश्लेषण गरी आफूलाई चाहिने कर्मचारीको किसिम, संख्या र स्तरको एकिन गर्नुपर्नेछ ।

1. आफ्नो आम्दानी (आन्तरिक श्रोत) को अवस्था
2. गाउँ विकास समितिको संगठन संरचना र कार्यविवरणको विश्लेषण
3. गाउँ विकास समितिलाई दीर्घकालिन दायित्व नपर्ने गरीसेवा करारमा कार्य गराउने अवस्था

ख) माथि (क) मा उल्लेख भए अनुसार अवस्था विश्लेषण गरी गाउँ परिषद्बाट स्वीकृत गराएर मात्र कर्मचारीको व्यवस्था गर्नुपर्नेछ । विगत ३ वर्ष देखि बार्षिक रु ५ लाख भन्दा बढी आम्दानी भएका गाउँ विकास समितिहरुले लेखाको काम गर्ने गरी लेखा सहायक (सहायक स्तर चौथो) नियुक्ती गर्न सक्नेछन् ।

ग) रु ५ लाख भन्दा कम बार्षिक आम्दानी भएका गाउँ विकास समितिहरुले कार्यालय सहायक/प्राविधिक सहायकलाई लेखा सम्वन्धी तालिम दिई लेखाको काममा लगाउन सक्नेछन् ।

### ११.२. प्राविधिकको व्यवस्था

११.२.१. गाउँ विकास समिति आफैंले प्राविधिकको व्यवस्था गर्न चाहेमा चालू खर्च वा आफ्नो आन्तरिक कोषवाट जिल्ला विकास समितिको समन्वयमा देहाय बमोजिम करारमा प्राविधिक व्यवस्था गर्न सक्नेछ ।

(क) वार्षिक आय (अनुदान, थप अनुदान, आन्तरिक आय, जिल्ला विकास समितिर राजश्व बाँडफाँडबाट प्राप्त अनुदान समेत) रु. १ करोडभन्दा वढी आय आर्जन हुने गाउँ विकास समितिले इन्जिनियर, रु. ५० लाख भन्दा बढी आय आर्जन हुने गाउँ विकास समितिले सव इन्जिनियर र रु. ५० लाख भन्दा कम वार्षिक आय आर्जन हुने गाउँ विकास समितिले असिष्टेन्ट सव इन्जिनियर तहको कर्मचारी चालु तर्फ विनियोजन गरिएको रकमबाट करारमा राखी काममा लगाउन सक्नेछ ।

(ख) २५ लाख भन्दा कम आय हुने गाउँ विकास समितिहरुले सीमाना जोडिएको एक भन्दा बढी गाउँ विकास समितिसंग मिली लागत सहभागिताको आधारमा संयूक्त रुपमा सव इन्जिनियर वा असिष्टेन्ट सव इन्जिनियर व्यवस्था गरी काममा लगाउन सक्नेछन् । यस्तो प्राविधिकलाई कुनै एक गाउँ विकास समितिलाई आधार मानि सोही गाउँ विकास समितिबाट समन्वय गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

(ग) गाउँ विकास समितिले उचित ठहराएमा प्राविधिक सेवा परामर्शदातृ संस्थाबाट समेत लिन सक्नेछ । यसरी परामर्शदातृ संस्थाबाट प्राविधिक सेवा लिने निर्णय भएकोमा (क) र (ख) बमोजिम सेवा करारमा कर्मचारी राख्न पाइने छैन ।

#### ११.२.२ जिल्ला विकास समितिबाट प्राविधिक सेवा

क) कुनै गाउँ विकास समितिले उपरोक्त ११.२.१ वमोजिम आफैले प्राविधिकको व्यवस्था नगरी जिल्ला विकास समितिवाट नै प्राविधिक सेवा लिने भएमा गाउँ परिषद् सम्पन्न भएको पन्ध्र दिनभित्र परिषद्को निर्णय सहित जिल्ला विकास समितिमा प्राविधिक सेवा उपलब्ध गराउन अनुरोध गर्नुपर्नेछ ।

ख) माथि क) वमोजिम गाउँ विकास समितिवाट अनुरोध भै आएमा गाउँ विकास समिति अनुदानको उपयोगको लागि आवश्यक पर्ने प्राविधिक सेवा, सल्लाह, सुपरिवेक्षण एवम् अनुगमनको लागि नियुक्त भएका वा हुने इन्जिनियर/सव इन्जिनियर/असिष्टेन्ट सव इन्जिनियर, स्वास्थ्य प्राविधिक, कृषि, पशु सेवा सम्वन्धी प्राविधिक कर्मचारी जिल्ला विकास समितिको मातहतमा इलाका सेवा केन्द्रमा राखी कामकाज गराउन सकिनेछ ।

ग) गाउँ विकास समितिको प्राविधिक सहयोगका निमित्त खटिने कर्मचारीले इलाका सेवा केन्द्र तोकिएको भए उक्त स्थानको गाउँ विकास समितिमा रही जिल्ला विकास समितिको कार्यालयले तोके बमोजिम गाउँ विकास समितमिा प्राविधिक सेवा पु¥याउनेछन् । इलाका सेवा केन्द्र नतोकेको अवस्थामा जिल्ला विकास समितिले त्यस्तो सेवा केन्द्र तोकी प्राविधिक सेवा प्रवाहको कार्य व्यवस्था मिलाउनेछ । इलाका सेवा केन्द्र तोकेको गाउँ विकास समितिमा उक्त सेवा केन्द्रमा खटिने कर्मचारीको कार्यालय

प्रयोजनका निमित्त स्थानको अभाव भएमा जिल्ला विकास समितिले उपयूक्त कार्यकक्षको व्यवस्था मिलाउनु पर्नेछ ।

घ) गाउँ विकास समितिवाट प्राविधिक सेवाको लागि जिल्ला विकास समितिमा अनुरोध भै आएको खण्डमा स्थानीय विकास अधिकारीले इलाका सेवा केन्द्रमा प्राविधिक सेवा इकाई गठन गरी सोही बमोजिम वा जिल्ला प्राविधिक कार्यालयलाई उक्त गाउँ विकास समितिलाई प्राविधिक सेवा उपलब्ध गराउन निर्देशन दिन सक्नेछ । जिल्ला प्राविधिक कार्यालयबाट नै प्राविधिक व्यवस्था गर्नु पर्ने भएमा स्थानीय विकास अधिकारीको निर्देशन वमोजिम जिल्ला प्राविधिक कार्यालयले गाउ विकास समितिलाई प्राविधिक सेवा पुर्‍याउनेछ ।

ङ) जिल्ला विकास समितिले इलाका सेवा केन्द्र वा भौगोलिक क्षेत्र तोकी आवश्यक प्राविधिक सेवा उपलब्ध गराउनेछ । यस्तो सेवा प्रदान गर्न प्राविधिकको तलव, भत्ता, दैनिक भ्रमण भत्ता, आवश्यक प्राविधिक उपकरण, प्राविधिक काममा सघाउ पुग्ने अन्य सामग्रीहरु र अनुगमनका लागि गाउँ विकास समितिमा नेपाल सरकारले पठाउने पुँजिगत अनुदान रकमबाट तराईका जिल्लाहरुमा १ प्रतिशत, पहाडी जिल्लाहरुमा १.५ प्रतिशत र हिमाली जिल्लाहरुमा २ प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयले गाउँ विकास समिति अनुदानबाट जिल्ला विकास समितिको खातामा जम्मा गर्नेछ ।

च) आफै प्राविधिकको व्यवस्था गर्ने गाउँ विकास समितिको हकमा नेपाल सरकारले पठाउने पूँजीगत अनुदानको रकमबाट तराईका जिल्लाहरुमा ०.५ प्रतिशत, पहाडी जिल्लाहरुमा ०.७५ प्रतिशत र हिमाली जिल्लाहरुमा १ प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयले गाउँ विकास समिति अनुदानबाट जिल्ला विकास समितिको खातामा जम्मा गर्नेछ । तर यस्तो कन्टिन्जेन्सी बापत कट्टी भएको रकम गाउँ विकास समितिको जिल्ला विकास समितिबाट गरिने अनुगमन, मालपोत पासबुक, जेष्ठ नागरिक, विधवा अपाङ्गहरुको परिचय पत्र, गाउँ विकास समितिको प्रगति विवरण संकलन र एकीकृत गर्ने कार्य तथा मन्त्रालयले निर्देशन दिएका क्षेत्रमा गाउँ विकास समितिलाई सहयोग गर्ने कार्यमा मात्र खर्च गर्नुपर्नेछ ।

छ) गांउ विकास समितिले योजनाहरुको लागत अनुमान, नक्शा र डिजाईन तयारी र मूल्याङ्कन गाउँ विकास समितिको सम्बद्ध प्राविधिक कर्मचारी वा उक्त प्रयोजनकालागि खटिएका इन्जिनियर, सव ईन्जिनियर र असिष्टेन्ट सव इन्जिनियर वा विषय सम्बद्ध प्राविधिकवाट गराउनु पर्नेछ ।

ज) जिल्लास्तरवाट खटिने प्राविधिक कर्मचारीको दैनिक भ्रमण भत्ता सम्वन्धित गाउँ विकास समितिवाट उपलव्ध गराउनु पर्नेछ । यस्ता कर्मचारीले जिल्ला विकास समिति र गाउँ विकास समितिवाट दोहोरो सुविधा लिन पाउने छैनन् ।

११.३ दुई वा दुइभन्दा बढी गाउँ विकास समितिलाई प्राविधिक सेवा उपलब्ध गराउन जिल्ला विकास समितिले इलाका/सेवा केन्द्र तहमा निम्न बमोजिम प्राविधिक सेवाको व्यवस्था गर्न सक्नेछः

क) सम्बन्धित गाउँ विकास समितिबाट कट्टा हुने कन्टिन्जेन्सि रकमको दायरा भित्र रही जिल्ला विकास समितिको कार्यालयले इन्जिनियर, सब इन्जिनियर र असिस्टेन्ट सब इन्जिनियर करारमा राखी सेवा प्रवाह गर्न सक्ने छ ।

ख) यस्तो प्राविधक सेवा लिंदा प्राप्त हुने कन्टीन्जेन्सी रकमको आकार अनुसार, सब इन्जिनियर वा इन्जिनयर असिस्टेन्ट सब इन्जिनियर को अनुपात मिलाउनु पर्ने छ ।

(ग) जिल्ला विकास समितिमा अनुदान तर्फको कन्टीन्जेन्सीबाट पारिश्रमिक पाउने गरी नियुक्त प्राविधिकलाई यसै व्यवस्था बमोजिम जिल्ला विकास समितिले इलाका सेवा केन्द्रमा खटाई कार्य सन्चालनको व्यवस्था मिलाउनु पर्नेछ ।

घ) यसरी इलाका सेवा केन्द्रमा प्राविधिक कर्मचारी खटाउदा उक्त आर्थिक बर्षको कन्टिन्जेन्सी रकमबाट पुग्ने गरी मात्र राख्नु पर्ने छ । यस्ता कर्मचारीबाट सेवा लिएबापतको पराश्रमिक वा अन्य सुविधाको दायित्व सोही आर्थिक बर्ष भित्रको बजेटबाट व्यहोर्नु पर्ने छ। यस्तो दायित्व अर्को आर्थिक बर्षमा सर्नेछैन ।

## १२. कार्यक्रम सञ्चालनमा जिल्ला विकास समितिको भूमिका

क) अन्तरस्थानीय निकायमा सञ्चालन हुने अन्य कुनै कार्यक्रममा जिल्ला विकास समितिले समन्वय तथा सहजीकरण गरी देखा परेका समस्या समाधान गर्ने र सुचारु रुपमा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउने छ ।

ख) गाउँ विकास समितिमा जाने गरी सिफारिश गरिएको रकमको छुट्टा छुट्टै आम्दानी र खर्च विवरण राख्नुपर्नेछ ।

ग) यो कार्यविधि अनुसार गाउँ विकास समितिमा निकासा हुने रकमको नियमित अनुगमन गरी आर्थिक नियन्त्रण र अनुशासन कायम गर्ने व्यवस्था गर्नेछ ।

घ) स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१२ अनुसार स्थापना भएको सूचना तथा अभिलेख केन्द्रमा गाउँ विकास समितिको कार्यक्रम, बजेट, लेखापरीक्षण प्रतिवेदन आदि सबै विवरण अनिवार्य राखी सार्वजनिक गर्नेछ ।

ङ) गाउँ विकास समितिको योजना प्रक्रियामा जिल्ला तथा ईलाका स्तरका सरकारी, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी आवश्यक प्राविधिक सहयोग पुर्‍याउनेछ ।

च) गाउँ विकास समिति तथा ईलाका तहको मानव संशाधन विकासका लागि कार्यक्रम सञ्चालन गर्नेछ ।

छ) स्थानीय स्वायत्त शासन ऐन, नियमावली, कार्यविधि, निर्देशिका वारे गाउँ विकास समितिका पदाधिकारी तथा कर्मचारीहरुको लागि अभिमुखीकरण तालिम/गोष्ठी संचालन गर्नेछ ।

ज) गाउँ विकास समिति अुनदानबाट संचालित कार्यक्रमहरुले राष्ट्रिय विकासका सूचकहरुमा आवद्ध भए नभएको हेरी सम्वन्धित निकायमा प्रतिवेदन गर्नेछ ।

झ) यस कार्यविधि अनुसार गाउँ विकास समितले माग गरेपछि कोष तथा लेखा नियन्त्रक कार्यालयमा सिफारिस गरी रकम निकासा सम्वन्धी व्यवस्था मिलाउनेछ ।

ञ) गाउँ विकास समितिहरुबाट विवरण संकलन गरी मासिक, चौमासिक र बार्षिक रुपमा तोकिएको ढाँचामा वित्तीय र भौतिक प्रगति स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनुपर्नेछ ।

ट) गाउँ विकास समिति अनुदान कार्यक्रमको संचालनमा एवं प्राथमिकता तोक्ने विषयमा विवाद श्रृजना भै गाउँ विकास समितिबाट टुङ्गो लाग्न नसकेका विषयहरूमा जिल्ला विकास समितिले आवश्यक छानबिन गरी/गराई विवादको अन्तिम टुङ्गो लगाउनु पर्नेछ ।

ठ) अनुगमनको सिलसिलामा योजनामा रकम दुरुपयोग भएको वा अनुमानित लागत (लगत इष्टिमेट) अनुरुप काम नभएको देखिएमा वा प्रमाणित हुन आएमा योजनामा भएको दुरुपयोगको गम्भीरता हेरी सुधारको लागि निर्देशन दिन, आंशिक मात्र रकम निकाशा सिफारिश गर्न वा काम रोक्का गरी कारवाहीको लागि आवश्यक कदम चाल्न सक्नेछ ।

ड) गाउँ विकास समितिले योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रक्रियामा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई पर्याप्त ध्यान दिए नदिएको अनुगमन गर्ने ।

## १३. प्राविधिक सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन

क) गाउँ विकास समिति अन्तर्गत संचालित आयोजनाहरुको लागत अनुमान, सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन र कार्य सम्पन्न प्रतिवेदनको कार्य सम्वन्धित प्राविधिकबाट हुनेछ । लागत अनुमान (डिजाइन, इष्टिमेट) गर्दा निर्माण सामग्रीको विवरण समेत खुलाई नेपाली भाषामा तयार गर्नु पर्नेछ ।

ख) यस्तो प्राविधिक मूल्यांकन र कार्यसम्पन्न प्रतिवेदन एक तह माथिको प्राविधिकबाट प्रमाणित गराउनुपर्नेछ । एक तह माथिको प्राविधिक गाउँ विकास समितिमा नभएको अवस्थामा गाउँ विकास समितिको सचिवले प्रमाणित गर्नुपर्नेछ । योजना कार्यान्वयनमा द्विविधा वा गुणस्तरमा शंका लागेमा जिल्ला प्राविधिक कार्यालयवाट चेक जाँच गराउन समेत सकिनेछ ।

ग) योजनाको अन्तिम मूल्यांकन गर्दा उपभोक्ता समिति एवं स्थानीय समुदायको रोहवरमा गर्नुपर्नेछ ।

## १४. जांचपास तथा फरफारक

क) योजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन, बिल भरपाई र सार्वजनिक परीक्षणको प्रतिवेदनका आधारमा गाउँ विकास समितिले योजनाको जाँचपास गर्नुपर्नेछ ।

ख) गाउँ विकास समितिबाट जाँचपास भएपछि हिसाव फरफारक गरिदिनुपर्नेछ ।

## १५. कार्यक्रमको अनुगमन, समीक्षा र प्रगति प्रतिवेदन

### १५.१. जनस्तरबाट अनुगमनः

क) गाउँ विकास समितिले योजनाका उपभोक्ताहरुबाट सहभागितामूलक अनुगमन गराउन सक्नेछ ।

ख) योजनाको कार्यान्वयन सम्वन्धमा कुनै कुरा चित्त नबुझेमा उपभोक्ताले गाउँ विकास समिति समक्ष उजुरी दिन सक्नेछन । त्यस्तो उजुरीको सुनुवाई गर्नु गाउँ विकास समितिको कर्तव्य हुनेछ ।

### १५.२. गाउँ विकास समितिबाट अनुगमन

क) गाउँ विकास समितिको कोषबाट संचालित कार्यक्रमहरुको गाउँ विकास समितिले निरन्तर रुपमा अनुगमन गरी बाधा अड्काउहरु फुकाउने व्यवस्था मिलाउनेछ ।

ख) कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले योजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुसूची-७ को ढाँचामा सम्झौतामा तोकिए बमोजिमको समयमा गाउँ विकास समितिमा पठाउनुपर्नेछ ।

ग) गाउँ विकास समितिले यो कार्यक्रमको चौमासिक र वार्षिक समीक्षा सहितको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुसूची-.८ को ढाँचा र मासिक प्रगतिको प्रतिवेदन अनुसूची ८ (क) मा सम्वन्धित जिल्ला विकास समितिको कार्यालयमा नियमित रुपमा पठाउनुपर्नेछ ।

घ) गाउँ विकास समिति अनुदानबाट संचालित कार्यक्रमको वार्षिक अनुगमन, प्रगति प्रतिवेदन र त्यसको समीक्षा सहितको विवरण गाउँ परिषदमा छलफल गराई आवश्यक सुधार गर्नुपर्नेछ । यस्तो निर्णयको एक प्रति जिल्ला विकास समितिमा पठाउनुपर्नेछ ।

### १५.३. जिल्लास्तरबाट अनुगमन

क) जिल्ला विकास समितिले गाउँ विकास समितिबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्नेछ र यस्ता योजनाहरुको सूचना अद्यावधिक गरी राख्नेछ । नियमित अनुगमनको संयोजन जिल्ला विकास समितिले जिल्ला विकास समितिका कुनै पदाधिकारीबाट गराउन सक्नेछ । यसको अनुगमन गर्दा जिल्ला स्थित विषयगत निकाय, गाउँ विकास समिति राष्ट्रिय महासंघ, गैर सरकारी संस्था आदिलाई समावेश गराउन सकिनेछ ।

ख) जिल्ला विकास समितिले आफूले गरेको अनुगमन र गाउँ विकास समितिबाट प्राप्त प्रगति प्रतिवेदन समेतको आधारमा चौमासिक र वार्षिक समीक्षा गर्नेछ । वार्षिक समीक्षा प्रतिवेदन जिल्ला परिषद्मा पेश गर्नुपर्नेछ ।

ग) गाउँ विकास समितिले चौमासिक रुपमा आयव्यय र प्रगति विवरण सार्वजनिक गरे नगरेको अनुगमन गर्नुपर्नेछ ।

घ) योजनाको मूल्यांकनका हकमा यसको प्रभावकारीता, मितव्ययिता, निपुणता, जवाफदेहीपन, पारदर्शीता, बजेटको उपयोगिता तथा समुदायको आवाज र उत्तरदायित्वलाई के कति हदसम्म पूरा गरी योजनाको दीगो सन्चालनको व्यवस्था गरेको छ भन्ने विषयमा समेत मूल्यांकन गर्ने व्यवस्था गर्नुपर्नेछ । यसको लागि स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र जिल्ला विकास समितिले संयुक्त वा छुट्टाछुट्टै रुपमा गर्न सक्नेछ ।

ङ) गाउँ विकास समितिबाट भए गरेका वित्तीय एवं भौतिक प्रगति बारे सर्वसाधारण एवं सरोकारवालालाई सुसुचित गराउनको लागि जिल्ला विकास समितिको कार्यालयले प्रवक्ता तोकी आवश्यक सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**१५.४ सांसदहरुबाट अनुगमन**

व्यवस्थापिका सांसद/संविधान सभा सदस्यवाट आफ्नो निर्वाचन क्षेत्रभित्रको गाउँ विकास अनुदानवाट संचालित कार्यक्रमहरुको अनुगमन गरी सम्वन्धित निकायमा आफ्नो सुझाव वा प्रतिवेदन दिन सक्नेछन ।

**१५.५ स्थानीय विकास मन्त्रालयबाट अनुगमन र समीक्षा**

क) गाउँ विकास अनुदान कार्यक्रम अनुगमनको लागि उपयुक्त व्यवस्था मिलाउने र अनुदानको रकमवाट भएको खर्चको अनुगमन गर्नेछ । सो को प्रतिवेदन सम्वन्धित जिल्ला विकास समिति मार्फत गाउँ विकास समितिमा सुझाव सहित पठाइनेछ ।

ख) केन्द्रमा चौमासिक र वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्ने र सुधारका लागि आवश्यक निर्देशनहरु गाउँ विकास समितिमा पठाउनेछ ।

ग) गाउं विकास समिति अनुदानको केन्द्रीय लेखा विवरण तयार पार्नेछ ।

घ) गाउँ विकास समिति अनुदानवाट विगतमा सञ्चालित कार्यक्रमको संयोगिक प्रतिचयन (Sample Survey) का आधारमा केही गाउँ विकास समिति छनौट गरी (जनसंख्या, लागत र भौगोलिक क्षेत्रका आधारमा) मूल्याङ्कन गर्ने गराउनेछ ।

ङ) गाउँ विकास समिति अनुदान रकम तोकिएको समयमा निकासा भएको सुनिश्चित गर्ने व्यवस्था मिलाउनेछ । गाउँ विकास समिति अनुदान समयमै निकासा दिने व्यवस्थाको प्रत्याभूति गर्न सम्बद्ध अन्य केन्द्रिय निकायसंग समन्वय गर्नेछ ।

च) अनुदान रकमवाट भएको भौतिक तथा वित्तीय प्रगतिको केन्द्रीय विवरण तयार गरी उपलव्धी सार्वजनिकरण गर्ने, गराउनेछ ।

**१५.६ अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगवाट अनुगमन**

क) गाउँ विकास समितिमा भएका कार्यहरुको अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सहभागी हुन सक्नेछन् ।

ख) वार्षिक प्रगति विवरण प्राप्त भएपछि समीक्षा गरी सुधारको लागि आवश्यक पृष्ठपोषण दिनसक्नेछन् ।

## १६. जिल्ला विकास समितिले निर्देशन दिन सक्ने अधिकार

क) यस कार्यविधि वमोजिम स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुसार गाउँ विकास समितिबाट काम कारवाही नभएमा जिल्ला विकास समितिले स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुरुप गर्न गराउन संवन्धित गाउँ विकास समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन पालना गर्नु गाउँ विकास समितिको कर्तव्य हुनेछ ।

ख) गाउँ विकास समितिले प्रचलित नीति नियम, पद्धति वमोजिम काम गरेको नपाईएमा अनुदान रोक्का गर्न सक्नेछ र त्यसको कारण सार्वजनिक गर्नुपर्नेछ ।

## १७. लेखा र लेखा परीक्षण

१७.१. लेखा संचालनः

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६१ (१) बमोजिम गाउँ विकास समितिको अध्यक्ष नभएसम्म गाउँ विकास समितिको खाता निम्न बमोजिम संचालन हुनेछ ।

क) गाउँ विकास समिति सचिव र गाउँ विकास समितिमा लेखा कर्मचारी भए दुवै जनाको संयुक्त दस्तखतबाट ।

ख) गाउँ विकास समितिमा लेखा कर्मचारी नभएमा स्थानीय विकास अधिकारीले तोकेको सम्वन्धित गाउँ विकास क्षेत्र/इलाकाका विषयगत कार्यालयका कर्मचारी वा नेपाल सरकारका अन्य कर्मचारी र गाउँ विकास समितिको सचिवको संयुक्त दस्तखतबाट ।

१७.२ **लेखा परीक्षण**

क) गाउँ विकास समिति अनुदान रकमको लेखापरीक्षण स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार हुनेछ ।

ख) आन्तरिक र अन्तिम लेखा परीक्षण प्रतिवेदनहरु गाउँ विकास समितिले सम्वन्धित गाउँ विकास समितिको परिषद्मा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र परिषद्ले सो सम्वन्धमा गरेको निर्णय र सुझाव सहितको प्रतिवेदन जिल्ला विकास समितिको कार्यालयमा पठाउनु पर्नेछ ।

ग) गाउँ विकास समितिले आय व्ययको प्रगति विवरण  चौमासिक रुपमा सार्वजनिक गराउनुपर्नेछ ।

घ) खर्च भएको तर प्रमाणका कागजात जुटाउन नसकेका कारणले बेरुजु फछ्र्यौट हुन नसकेका खर्चहरूलाई रुजु तथा नियमित गराउन लेखा समितिले गाउँ विकास समितिलाई सुझाव दिन सक्नेछ ।

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को अनुसूचीहरूमा उल्लेख भए अनुसारका फारमहरूको विवरण गाउँ विकास समितिले प्रचलनमा ल्याउन सक्नेछ ।

## १८. योजनाको दिगो सञ्चालन

क) गाउँ विकास समितिले गाउँ विकास समिति क्षेत्र भित्र सम्पन्न भई जाँचपास फरफारक भइसकेका योजनाहरूको लगत अनुसूची- ९ बमोजिम अभिलेख खातामा राख्नु पर्नेछ ।

ख) उपभोक्ता समितिबाहेक गैरसरकारी संस्था वा अन्य निकायबाट कार्यान्वयन भएका योजनाहरु जाँचपास भैसकेपछि कार्यान्वयन गर्ने निकायले त्यस्ता योजनाहरु गाउँ विकास समितिको प्रतिनिधिको रोहवरमा सम्वन्धित उपभोक्ता समूहलाई संचालन र मर्मत सम्भारको लागि जिम्मा दिनेछ र त्यसको अभिलेख पनि राख्न सकिनेछ ।

ग) उपभोक्ता समितिले गाउँ विकास समितिबाट स्वीकृत भए अनुसारसेवा शुल्क लिन सक्ने गरी योजनाको नियमित संचालन र मर्मत सम्भार गर्नेछ ।

घ) प्रकोपबाट क्षतिग्रस्त भै मर्मत सम्भार गर्नुपर्ने बाहेक अन्य कारणबाट गर्नुपर्ने मर्मत सम्भार उपभोक्ता समिति आफैंले गर्नुपर्नेछ ।

च) गाउँ विकास समितिले सम्पन्न योजनाहरुको मर्मत संभार कार्यका लागि मर्मत संभार कोषको व्यवस्था गर्न सक्नेछ । यस कोषवाट रकम खर्च गर्दा वार्षिक योजना तयार र स्विकृत गरी सञ्चालन गर्नु पर्नेछ ।

## १९. कार्यक्रम संचालन सम्वन्धी कार्यतालिका

**देहाय वमोजिमका कार्यहरु देहायका समयभित्र सम्पन्न गर्नुपर्ने छ ।**

| कार्यहरु | समय तालिका |
|---|---|
| १. आगामी आर्थिक वर्षको कार्यक्रम र बजेट तर्जुमा | – पुष मसान्त भित्र |
| २. उपभोक्ता समितिको गठन र संझौता | – वार्षिक कार्य योजना अनुसार |
| ३. योजनाको कार्यान्वयन र सम्पन्न गर्ने | |
| ३.१ कर्णाली अञ्चल र बाजुरा जिल्ला बाहेक बाँकी जिल्ला | – असार १५ गते भित्र |
| ३.२ कर्णाली अञ्चल र बाजुरा जिल्लाको हकमा | – कार्तिक  १५ गते भित्र |
| ४. सार्वजनिक लेखा परीक्षण | |
| ४.१ कर्णाली अञ्चल र बाजुरा जिल्ला बाहेक बाँकी जिल्ला | – असार २० गते भित्र |
| ४.२ कर्णाली अञ्चल र बाजुरा जिल्लाको हकमा | – कार्तिक  २० गते भित्र |
| ५. जाँचपास र फरफारक | |
| ५.१ कर्णाली अञ्चल र बाजुरा जिल्ला बाहेक बाँकी जिल्ला | – असार मसान्त  भित्र |
| ५२ कर्णाली अञ्चल र बाजुरा जिल्लाको हकमा | – कार्तिक  मसान्त भित्र |
| ६. चौमासिक र वार्षिक प्रतिवेदन | – म्याद समाप्त भएको ७ दिनभित्र |

७. कर्णाली अञ्चल र बाजुरा जिल्लाको हकमा चालु खर्च सम्बन्धित आर्थिक वर्षकै अन्तमा र पूँजीगत खर्चको रकम आगामी आर्थिक वर्षको कार्तिक मसान्तमा फ्रिज हुने छ ।

२०. **थपघट र हेरफेर**

स्थानीय विकास मन्त्रालयले यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

२१. **खारेजी र बचाउ**

गाउँ विकास समिति अनुदान कार्यक्रम संचालन कार्यविधि, २०६३ खारेज गरिएको छ र उक्त कार्यविधि बमोजिम भए गरेका सम्पूर्ण काम कारबाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**अनुसूची–१**

**गाउँ विकास समिति अनुदान कार्यक्रम**

## गाउँ विकास समितिको निकासा माग गर्ने ढाँचा

बुँदा ९ ख (१) सँग सम्वन्धित)

### ........... गाउँ विकास समिति

श्री स्थानीय विकास अधिकारीज्यू,
जिल्ला विकास समितिको कार्यालय,
................. ।

मितिः-.......................

विषयः चौमासिक निकासा ।

गाउँ विकास समिति अनुदान अन्तर्गत यस गाउँ विकास समितिको आ.व. .............. को .............. चौमासिक निकासा हुन निम्नलिखित कागजातहरू संलगन गरी यसैसाथ पेश गरिएको छ ।

संलग्न कागजातहरू

१) गाउँ परिषदबाट स्वीकृत वार्षिक कार्यक्रम, खर्चको अनुमान र योजनाको विवरण (प्रथम चौमासिक माग गर्दा मात्र)
२) गत आर्थिक वर्षमा संचालन भई सम्पन्न भएका र क्रमागत आयोजनाहरुको वार्षिक प्रगति विवरण ।
३) गत विगत वर्षमा कार्यक्रम कार्यान्वयनको लागि दिइएको तर फछ्र्यौट हुन बाँकी पेश्की र फछ्र्यौटको विवरण ।
४) चालु आर्थिक वर्ष भन्दा एक आर्थिक वर्ष अघिको अनुदान निकासा र खर्चको अन्तिम लेखा परीक्षणको प्रतिवेदन ।
५) चालु आर्थिक वर्षमा संचालित कार्यक्रमहरूको अद्यावधिक प्रगति विवरण ।
६) प्राविधिक सुपरिवेक्षण अनुगमन मूल्यांकनतथा जाँचपास भएका आयोजनाहरूको विवरण ।

| | |
|---|---|
| .............. | .............. |
| सचिव | अध्यक्ष |

अनुसूची – २
गाउँ विकास समिति अनुदान कार्यक्रम

# गाउँ विकास समितिको स्वीकृत वार्षिक कार्यक्रम
## आर्थिक वर्ष ..........
## व्यय विवरण (अनुमान)

बुदा ९ ख (२) सँग सम्वन्धित)

| अनुदानतर्फ | | अनुदान बाहेकको गाउं विकास समिति कोष तर्फ | |
|---|---|---|---|
| (क) कार्यक्रम खर्च | | (क) कार्यक्रम खर्च | |
| स्वीकृत योजना वा कार्यक्रमको नाम | स्वीकृत रकम | स्वीकृत योजना वा कार्यक्रमको नाम | स्वीकृत रकम |
| १. | | १. | |
| २. | | २. | |
| ३. | | ३. | |
| ४. | | ४. | |
| ५. | | ५. | |
| .... | | .... | |
| .... | | .... | |
| .... | | .... | |
| .... | | .... | |
| (ख) संचालन खर्च | | (ख) संचालन खर्च | |
| खर्च शीर्षक | रकम | खर्च शीर्षक | रकम |
| १. | | १. | |
| २. | | २. | |
| ३. | | ३. | |
| ४. | | ४. | |
| ५. | | ५. | |
| .... | | .... | |
| .... | | .... | |
| .... | | .... | |
| .... | | .... | |

.................. ..................
सचिव अध्यक्ष

द्रष्टव्यः योजना धेरै भई फारममा नअटाएमा छुट्टै पाना संलग्न गर्ने ।

**अनुसूची – ३**
**गाउँ विकास समिति अनुदान कार्यक्रम**

## (क) रकम निकासा सिफारीश फाराम

बुँदा ९ क (२) सँग सम्वन्धित)

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
.................... ।

गाउँ विकास समिति अनुदान अन्तर्गत निम्नलिखित गाउँ विकास समितिहरूको आर्थिक वर्ष .......... को ......... चौमासिक निकासा उपलब्ध गराइ दिनुहुन सिफारिश गर्दछु ।

| सि.नं. | गाउँ विकास समिति | वार्षिक विनियोजन रु. | हालसम्म निकासा रु. | | हालसम्मको खर्च | | हाल माग गरिएको रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कार्यक्रम अनुदान | संचालन अनुदान | कार्यक्रम अनुदान | संचालन अनुदान | कार्यक्रम अनुदान | संचालन अनुदान | |
| | | | | | | | | | |

.................... .................... ....................

लेखा प्रमुख योजना अधिकृत/ईन्जिनियर स्थानीय विकास अधिकारी

## (ख) जिल्ला विकास समितिमा प्राप्त हुने प्रशासनिक तथा प्राविधिक खर्च बापत माग गरिएको अनुदान रकमको निकासा माग फाराम

| सि. नं. | जिल्ला भित्रका गाउँ विकास समितिहरूको लागि कुल विनियोजित रकम | १, १.५ र २ प्रतिशतले हुने जम्मा रकम रु. | हालसम्मक ो खर्च रकम | निकासामध्ये बाँकी रकम रु. | हाल माग गरेको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

.................... ............................................ ..........................

लेखा प्रमुख योजना अनुगमन तथा प्रशासकीय अधिकृत/ईन्जिनियर स्थानीय विकास अधिकारी

**अनुसूची - ४**
**गाउँ विकास समिति अनुदान कार्यक्रम**

## प्राप्त रकमको हिसाब राख्ने रजिष्टर

(बुँदा नं. ९ घ सँग सम्वन्धित)

गाउँ विकास समितिको नामः

आर्थिक वर्षः-                                        खाता नं.:-

| सि.नं | मिति | विवरण | रकम रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०५८/..../.... | प्रथम चौमासिक निकासा | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ... | | | | | |
| ... | | | | | |
| ... | | | | | |
| ... | | | | | |

.....................          .....................          .....................

लेखा प्रमुख          योजना, अनुगमन तथा प्रशासकीय अधिकृत          स्थानीय विकास अधिकारी

**अनुसूची – ५**
**(स्था.स्वा.शा.नि.को अनुसूची**

**गाउँ विकास समिति अनुदान कार्यक्रम**

## गाउँ विकास समिति र उपभोक्ता समितिबीच सम्पन्न गरिने योजना सम्झौता फारम

बुँदा १०.१. (क) सँग सम्वन्धित)

समूह गठनमा संलग्न लाभान्वित परिवार संख्या:

पदाधिकारीको नाम, ठेगाना:

### १. सम्झौता गर्ने पक्ष र आयोजना

(क) उपभोक्ता समिति/सामुदायिक संस्थाको विवरण:
सम्झौता गर्ने संस्थाका तर्फबाट:
नाम:-
पद:-
ठेगाना:-

(ख) आयोजनाको विवरण
१. नाम:-
२. ठेगाना:-
३. उद्देश्य:-
४. आयोजना स्वीकृत गर्ने निकाय:-
५. आयोजना सुरु हुने मिति:
६. आयोजना सम्पन्न हुने मिति:

### २. आयोजनाको लागत सम्बन्धी विवरण

(क) लागत अनुमान रु.
(ख) लागत व्यहोर्ने स्रोतहरू:
१. नेपाल सरकारबाट रु.:
२. जिल्ला विकास समितिबाट रु.:
३. गाउँ विकास समितिबाट रु.:
४. गैरसरकारी संघ संस्थाबाट रु.:
५. समुदायमा आधारित संस्थाबाट रु.:
६. विदेशी दातृ संघ संस्थाबाट रु.:
७. उपभोक्ता समितिबाट रु.:
८. अन्यबाट रु.:
जम्मा रु.
(ग) निर्माण सामग्री लागत
खरिद गर्नुपर्ने

१) सिमेन्ट ..........वोरा
२) छड ..........के.जी.
३) ईटा ..........सङ्ख्या
४) जस्तापाता (६'/९'/१२') ...........वण्डल
५) किलाकाँटी ...........2 Hook/5Hook
६) काठ ...........क्यू. फिट
७) वायर रोप ...........
७) अन्य ...........
स्थानीय सामग्री
ढुंगा ...........
वालुवा ............
काठ .............
औजार ..............

(घ) निर्माण सामग्री

१. सम्बन्धित विषयगत शाखा वा कार्यालयबाट प्राप्तः- इकाइ परिमाण
२. गाउँ विकास समितिबाटः-
३. उपभोक्ता समितिबाटः-
४. गैरसरकारी संघसंस्थाबाटः-
५. समुदायमा आधारित संस्थाबाटः-
६. अन्यबाटः-

(ङ) आयोजनाबाट लाभान्वित हुनेः-

१. घर परिवार संख्याः-
२. जनसंख्याः- महिलाः........... पुरुषः..............
३. समुदायः- दलित....... आदिवासी........ जनजाती......... अपाङ्ग........ महिला.......... बालवालिका.......
४ उपभोक्ता समूहमा लाभान्वित परिवार संख्याः–
५. वस्ती सङ्ख्या/नामः–
६. अन्यः-

## ३. उपभोक्ता समिति सम्बन्धी विवरण

(क) उपभोक्ता समिति गठन भएको मितिः-

(ख) उपभोक्ता समिति वा गैरसरकारी संस्था वा समुदायमा आधारित संस्थाका पदाधिकारीको नामावली र ठेगानाः-

१. अध्यक्ष
२.
३.
४.
५.
६.
७.
८.

९. सचिव

(ग) उपभोक्ता समिति गठन गर्दा उपस्थित लाभान्वितहरूको संख्याः

(घ) उपभोक्ता समिति गठन गर्दा अनुपस्थित लाभान्वित सदस्य संख्याः

**४. आयोजना संचालन सम्बन्धी अनुभवः**

**५. उपभोक्ता समिति वा संघ संस्थाले प्राप्त गर्ने किस्ताः**

| किस्तो क्रम | मिति | किस्ताको रकम | निर्माण सामग्री परिमाण | कैफियत |
|---|---|---|---|---|
| पहिलो | | | | |
| दोश्रो | | | | |
| तेश्रो | | | | |
| जम्मा | | | | |

**६. आयोजना मर्मत सम्भार व्यहोर्ने संस्था (मासिक, चौमासिक, वार्षिक स्रोत)**

(क) मर्मत सम्भारको जिम्मा लिने समिति/संस्थाको नाम

(ख) जनश्रमदान (श्रमशक्ति संख्या)

(ग) शुल्कबाट रु.

(घ) दस्तुर, चन्दा रु.

(ङ) लागत सहभागिता, अनुदान रु.

(च) व्याज, अन्य बचत

**७. अन्य (प्राविधिक र व्यवस्थापन सम्बन्धी)**

(क)

(ख)

(ग)

(घ)

**सम्भौताका शर्तः**

१. प्राप्त रकम तथा निर्माण सामग्री आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्ने गराउनेछौं ।

२. आयोजना सम्पन्न भएपछि स्थानीय निकायबाट जाँचपास गरी फरफारक लिनुपर्नेछ ।

३. आम्दानी/खर्चको विवरण र कार्य प्रगति उपभोक्ता समूहमा जानकारी गराई छलफल गरी अर्को किस्ता माग गर्नेछौं ।

४. नगदी/जिन्सी सामान प्राप्ति, खर्च र आयोजनाको प्रगति विवरण अभिलेख आदि तयार राख्नेछौ ।

५. आयोजनाको कुल लागत अनुमान भन्दा घटी लागतमा आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिन दिन सहमत छौं । थप रकम लाग्ने भए समयमै संशोधित अनुमान स्वीकृत गरी गर्ने गराउने छौं ।

६. आयोजना संचालन गर्ने निकायले आयोजनाको मर्मत संभारको व्यवस्था पनि गर्नुपर्नेछ ।

७. उपभोक्ता समिति/समूहको निर्णयानुसार सबै काम गर्ने गराउनेछौं ।

८. आयोजना मिति .......... देखि सुरु गरी ............ सम्ममा पूरा गर्ने, गराउनेछौं ।

९. अन्य

(१)

(२)

(३)

गाउँ विकास समितिको तर्फबाट उपभोक्ता समितिको तर्फबाट

नामः-

दर्जाः-

सहीः-

अध्यक्ष ...........

सचिव ...........

सही ...........

मितिः ..............

द्रष्टव्यः

सम्झौताका अन्य शर्तहरू आवश्यकतानुसार सम्झौताका पक्षहरूले थपघट गर्न सक्नेछन् ।

**अनुसूची – ६**
**गाउँ विकास समिति अनुदान कार्यक्रम**

## उपभोक्ता समितिले गाउँ विकास समितिमा पेश गर्नुपर्ने प्रगति विवरण

बुँदा १०.२ (छ) सँग सम्वन्धित)

मितिः २०   ।  ।  .

श्रीमान् अध्यक्षज्यू,
गाउँ विकास समितिको कार्यालय,
................... ।

**विषयः प्रगति प्रतिवेदन पेश गरेको ।**

त्यस गाउँ विकास समिति र हाम्रो बीच मिति .......... मा भएको सम्झौताको शर्त बमोजिम हामीले गरेको देहायको योजनाको कार्यप्रगति देहाय बमोजिम भएकोले प्रगति प्रदिवेदन साथ आवश्यक विल, भरपाई, उपभोक्ता समूह/समितिको निर्णय समेत संलग्न राखी यसैसाथ पेश गरेको छु । ................. किस्ता भुक्तानी/जाँचपास फरफारक गरिपाउन अनुरोध गर्दछु ।

## तपसिल

**१. योजनाको विवरण**

योजनाको नामः
वडा नं.:  टोलः  बस्तीः  उपभोक्ता समूहको अध्यक्षः
सचिवः

**२. योजनाको लागतः**

प्राप्त अनुदान रकम रु. ..............  चन्दा रकम रु................
जनसहभागिता रकम रु. ..............  जम्मा रकम रु. ..............

**३. हालसम्मको खर्च रु.**

क. गाउँ विकास समितिबाट प्राप्त रकमः

१. निर्माण सामग्रीमा (सिमेन्ट, छड, काठ, ढुंगा वा फुवा, गिट्टी, उपकरण आदि) रु. .
२. ज्यालाः-  दक्ष रु.:-  अदक्ष रु.  जम्मा रु.
३. मसलन्द सामान (कपि, कलम, मसी, कागज आदि) रु.
४. दैनिक भ्रमण भत्ता (सम्झौतामा स्वीकृत भए) रु.
५. प्राविधिक निरीक्षण बापत खर्च (सम्झौतामा स्वीकृत भए) रु.
६. अन्य

ख. जनसहभागिताबाट व्यहोरिएको खर्च रु.:
श्रमको मूल्य बराबर रकम रु.

जिन्सी सामान मूल्य बराबर रकम रु.

कूल जम्मा रु.

**४. प्राविधिक प्रतिवेदन बमोजिम मूल्यांकन रकम रु.**

**५. उपभोक्ता समूहको निर्णय बमोजिम/समीक्षाबाट खर्च देखिएको रु.**

**६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरू:**

क.

ख.

ग.

**७. समाधानका उपायहरू**

क.

ख.

ग.

८. गाउँ विकास समिति/अन्य निकायाबट अनुगमन भए अनुगमनको सुझाव:

९. हाल माग गरेको किस्ता रकम रु.

१०. मुख्य खर्च प्रयोजन

११. माथिको व्यहोरा उपभोक्ता समिति/समूहमा परिसकेको छु र उक्त व्यहोरा साचो हो ।

१२. प्राप्त रकम योजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौ ।

| ............... | ....... | ........... | ....... |
|---|---|---|---|
| प्रमाणित गर्ने | सचिव | कोषाध्यक्ष | अध्यक्ष |

## अनुसूची - ७

### गाउँ विकास समिति अनुदान कार्यक्रम

## चौमासिक/वार्षिक प्रगति प्रतिवेदन फाराम

**(उपभोक्ता समिति/गैसस/कार्यान्वयन गर्ने निकायले गाउँ विकास समितिमा पेश गर्ने)**

बुँदा १५.२ (ख) सँग सम्वन्धित)

**आर्थिक वर्षः**
**जिल्लाः**
**गाउं विकास समितिको नामः**
**प्रगति प्रतिवेदनःचौमासिक** (प्रथम/दोस्रो/तेश्रो)
**वार्षिक**

### योजनाहरुको भौतिक प्रगति तथा वित्तीय स्थिति

| योजनाको नाम | वडा नं./ स्थान | योजनाको कूल लागत | | | | गाउँ विकास समितिबाट व्यहोरिने अनुदान रकम रु. | सुरु हुने मिति | सम्पन्न हुने मिति | किसिम (साल-वसाली/ नयाँ) | योजनाको | | योजनाको | | लाभान्वित जनसंख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अनुदान | आन्तरिक स्रोत | जनसह-भागिता | जम्मा | | | | | भौतिक लक्ष्य | भौतिक प्रगति र प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति र प्रतित | महिला | पुरुष | जम्मा | |
| १. | | | | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | | | | |

**कार्यान्वयमा देखिएका समस्याहरुः**

**समाधानका संभावित सुझावहरुः**

**उपभोक्ता समितिको बैठकको संख्या ....... र निर्णयको प्रतिलिपिहरू संलग्न छन्ः**

.........................
**उपभोक्ता समितिको सचिव**

.........................
**कोषाध्यक्ष**

...............................
**उपभोक्ता समितिको अध्यक्ष**

**नोटः** यो फाराम उपभोक्ता समिति/गैरसरकारी संस्था/कार्यान्वयन निकायले प्रत्येक चौमासिक र वार्षिक रुपमा योजनाको भौतिक तथा खर्चको विवरण गाउँ विकास समितिमा पठाउनु पर्नेछ ।

**अनुसूची – ८**

**गाउँ विकास समिति अनुदान कार्यक्रम**

## ....... गाउँ विकास समितिको प्रगति प्रतिवेदन

बुँदा १५.२ (ग) सँग सम्बन्धित)

**कार्यक्रमः** गाउँ विकास समिति अनुदान **आर्थिक वर्षः**

चौमासिक/वार्षिक

| सि.नं. | क्रियाकलाप | ईकाई | भौतिक | | वित्तीय | | उपलव्धी |
|---|---|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | |
| | | | | | | | |
| कूल जम्मा | | | | | | | |

..................
तयार गर्ने

..................
स्वीकृत गर्ने

**अनुसूची – ८ (क)**

**गाउँ विकास समिति अनुदान कार्यक्रम**

## ....... गाउँ विकास समितिको मासिक प्रगति प्रतिवेदन

बुँदा १५.२ (ग) सँग सम्बन्धित)

**जिल्ला** **आ. व.** **महिना**

रु ह्जारमा

| सि. नं. | विवरण | गत महिनासम्मको | यो महिनाको | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | गाविसको आम्दानी | | | | |
| | अ. केन्द्रीय अनुदान | | | | |
| | क. चालु तर्फ | | | | |
| | ख. पूँजीगत तर्फ | | | | |
| | आ. आन्तरिक आय | | | | |
| | क. कर | | | | |
| | ख. शुल्क | | | | |
| | ग. दस्तुर | | | | |
| | घ. विक्रीबाट प्राप्त | | | | |
| | ङ. राजस्व बाँडफाँडबाट प्राप्त | | | | |
| | इ. ऋण | | | | |
| | **जम्मा** | | | | |
| २. | अनुदान खर्च | | | | |
| | क. चालू खर्च | | | | |
| | ख. पूँजीगत खर्च | | | | |
| | **जम्मा** | | | | |

| सि. नं. | विवरण | गत महिनासम्मको | | यो महिनाको | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| ३. | अनुदान निकासा | | | | | | | |
| | चालू तर्फ | | | | | | | |
| | क. प्रथम किस्ता मात्र निकासा लिने गाविस | | | | | | | |
| | ख. दोश्रो किस्ता सम्म निकासा लिने गाविस | | | | | | | |
| | ग. तेश्रो किस्ता सम्म निकासा लिने गाविस | | | | | | | |
| | **जम्मा** | | | | | | | |
| | पूँजीगत तर्फ | | | | | | | |
| | क. प्रथम किस्ता मात्र निकासा लिने गाविस | | | | | | | |
| | ख. दोश्रो किस्ता सम्म निकासा लिने गाविस | | | | | | | |
| | ग. तेश्रो किस्ता सम्म निकासा लिने गाविस | | | | | | | |
| | **जम्मा** | | | | | | | |
| | **कूल जम्मा** | | | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | हालसम्म निकासा नलिने गाविस संख्या | | | | |
| ५. | योजना संचालन सम्वन्धि संख्यागत विवरण | गत महिनासम्मको | यो महिनाको | जम्मा | कैफियत |
| | परिषदबाट बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरेका गाविस सङ्ख्या | | | | |
| | स्विकृत योजना सङ्ख्या | | | | |
| | सार्वजनिक परीक्षण गरिएका योजना सङ्ख्या | | | | |
| ६. | योजना संचालन प्रक्रिया | गत महिनासम्मको | यो महिनाको | जम्मा | कैफियत |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | योजना संचालन प्रक्रिया | गत महिनासम्मको | | यो महिनाको | | जम्मा | | कैफियत | |
| | उपभोक्ता समिति मार्फत संचालित योजना सङ्ख्या | | | | | | | | |
| | स्थानीय समुदायलाई जिम्मेवारी दिएको योजना सङ्ख्या | | | | | | | | |
| | ३३% महिला सहभागिता भएका योजना सङ्ख्या | | | | | | | | |
| | विपन्नवर्ग परिचालित भएका योजना सङ्ख्या | | | | | | | | |
| ७. | गाविस अनुदानबाट संचालित आर्थिक सामाजिक पूर्वाधार निर्माण कार्यक्रम | परिमाण | रकम | परिमाण | रकम | परिमाण | रकम | जनसंख्या | कैफियत |
| | सडक योजना | | | | | | | | |
| | कालोपत्रे सडक कि.मि. | | | | | | | | |
| | ग्राभेल सडक कि.मि. | | | | | | | | |
| | कच्ची सडक कि.मि. | | | | | | | | |
| | सडक मर्मत कि.मि. | | | | | | | | |
| | खानेपानी योजना सङ्ख्या/रकम | | | | | | | | |
| | सिंचाईं योजना हेक्टर/रकम | | | | | | | | |
| | विद्यालय भवन/सामुदायिक भवन सङ्ख्या/रकम | | | | | | | | |
| | ग्रामीण विद्युतिकरण योजना कि. वा./रकम | | | | | | | | |
| | विद्युत लाइन वितरण कि.मि/रकम | | | | | | | | |
| | झो.पु. | | | | | | | | |
| | सम्पन्न सङ्ख्या/रकम | | | | | | | | |
| | निर्माणधिन सङ्ख्या/रकम | | | | | | | | |
| | मर्मत सङ्ख्या/रकम | | | | | | | | |
| | सडक पुल | | | | | | | | |
| | सम्पन्न सङ्ख्या/रकम | | | | | | | | |
| | निर्माणधिन सङ्ख्या/रकम | | | | | | | | |
| | मर्मत सङ्ख्या/रकम | | | | | | | | |
| ८. | मानव संशाधन विकास कार्यक्रम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | कैफियत | |
| | गाविसले अनुदान उपलब्ध गराएको विद्यालय शिक्षक सङ्ख्या/रकम | | | | | | | | |
| | गाविसले अनुदान उपलब्ध गराएको स्वास्थ्यकर्मी सङ्ख्या/रकम | | | | | | | | |
| ९. | लक्षित वर्ग कार्यक्रम | गत महिनासम्मको | | यो महिनाको | | जम्मा | | कैफियत | |
| | महिलाहरुको सशक्तिकरण सम्बन्धि योजना सङ्ख्या | | | | | | | | |
| | बालबालिकाको हित र कल्याण सम्वन्धि योजना सङ्ख्या | | | | | | | | |
| | दलित वर्गको मूल प्रवाहीकरण सम्बन्धी योजना सङ्ख्या | | | | | | | | |
| | आदिबासी/जनजाती उत्थान विकास योजना सङ्ख्या | | | | | | | | |
| | अशक्त, अपाङ्ग हित र कल्याण सम्बन्धी योजना सङ्ख्या | | | | | | | | |
| | मधेसी, मुस्लिम एवं पिछडा वर्गका उत्थान सम्वन्धी योजना सङ्ख्या | | | | | | | | |
| १०. | रोजगार श्रृजना श्रमदिन | गत महिनासम्मको | | यो महिनाको | | जम्मा | | | |
| | महिला | | | | | | | | |
| | पुरुष | | | | | | | | |
| | जम्मा | | | | | | | | |
| | सिमान्तकृत समुदायबाट (गरिबीको रेखामुनिका समुदाय) | | | | | | | | |

## अनुसूची - ९
### गाउँ विकास समिति अनुदान कार्यक्रम
### योजना लगत फारम

बुँदा १८ (क) संग सम्बन्धित)

| सि. नं. | आयोजनाको नाम | वडा नं. | बस्ती/गाउँ | सम्पन्न वर्ष | कुल रकम | | | | | मर्मत संभार भएको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बाह्य श्रोत | आन्तरिक स्रोत | जनसहभागिता | जम्मा | सहयोगी संस्था | वर्ष | रकम |
| १ | | | | | | | | | | १.<br>२.<br>३.<br>४.<br>५.<br>.....<br>..... | |
| २ | | | | | | | | | | १.<br>२.<br>३.<br>४.<br>५.<br>.....<br>..... | |
| ३ | | | | | | | | | | १.<br>२.<br>३.<br>४.<br>५.<br>.....<br>..... | |
| ४ | | | | | | | | | | १.<br>२.<br>३.<br>४.<br>५.<br>.....<br>..... | |
| .... | | | | | | | | | | १.<br>२.<br>३.<br>४.<br>५.<br>.....<br>..... | |

द्रष्टव्यः

बाह्य श्रोत भन्नाले गाउँ विकास समितिको कोष तथा अनुदान, जनसहभागिता बाहेक अन्य जुनसुकै श्रोत वा व्यक्ति वा संस्थाबाट प्राप्त रकम समेतलाई बुझाउँदछ ।

# अनुसूची – १०

## खर्च सार्वजनिक सूचना फाराम

मिति :

१. योजनाको नाम :–
२. योजनाको स्थल :–
३. विनियोजित वजेट :–
४. योजना स्विकृत भएको आ.व. :–
५. योजना सम्झौता भएको मिति :–
६. काम सम्पन्न गर्नु पर्ने मिति :–
७. काम सम्पन्न भएको मिति :–
८. उ.स. को बैठकले खर्च स्वीकृत गरेको मिति :–

### खर्च विवरण

| अ) अनुदान तर्फ | आ) श्रमदान तर्फ |
|---|---|
| क) निर्माण सामाग्री (आयात गर्नु पर्ने सामान) :– | क) निर्माण सामाग्री (स्थानीय सामाग्री) :– |
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |
| ख) कामदार विवरण :– | ख) कामदार विवरण :– |
| १. सिपालु दिन सङ्ख्या | १. सिपालु दिन सङ्ख्या |
| २. ज्यामी दिन सङ्ख्या | २. ज्यामी दिन सङ्ख्या |
| ग) ढुवानी विवरण :– | ग) ढुवानी विवरण :– |
| १. ट्रक/ट्रैक्टर भाडा | १. ट्रक/ट्रैक्टर भाडा |
| २. मानिसद्वारा ढुवानी | २. मानिसद्वारा ढुवानी |
| घ) मेशिन तथा औजार | घ) मेशिन तथा औजार |
| १. | १. |
| २. | २. |

खर्च सार्वजनिक समयको उपस्थिति :–

| १. उपभोक्ता समितिका पदाधिकारीहरु | २. स्थानीय सामाजिक संघ संस्थातर्फ |
|---|---|
| क) | क) |
| ख) | ख) |
| ग) | ग) |
| घ) | घ) |
| ङ) | ङ) |

उपरोक्त खर्च विवरण उपभोक्ता भेला तथा बैठकमा निर्णय गरी जानकारीको लागि तयार गरिएको व्यहोरा प्रमाणित गरिएको छ। साथै उपभोक्ता तथा स्थानीय सामाजिक संघसंस्थाको रोहवरमा सम्पन्न योजनाको निर्माण कार्य सम्पन्न भएको र सो योजना बारे सार्वजनिक जानकारी सवै सरोकारवालाहरु लाई यस सूचना सार्वजनिक स्थलको सूचनापाटीमा टाँस गरिएको छ।

| ..................... | ............................. |
|---|---|
| नाम : – | नाम :– |
| उपभोक्ता समितिको सचिव | उपभोक्ता समितिको अध्यक्ष |

## अनुसूची ११

बुँदा नं. १०.१ (ज) संग सम्बन्धित

**सार्वजनिक परीक्षणका लागि उपभोक्ता समिति/सामुदायिक संस्थाले तयार गर्ने विवरणको ढांचा**

१. योजनाको नामः

क) नामः

ख) स्थलः

ग) लागत अनुमानः

घ) योजना शुरु हुने मितिः

ङ) योजना सम्पन्न हुने मितिः

२. उपभोक्ता समिति/सामुदायिक संस्थाको

क) नामः

ख) अध्यक्षको नामः

ग) सदस्य संख्याः महिलाः पुरुषः

३. आम्दानी खर्चको विवरणः

क) आम्दानीतर्फ

| आम्दानीको श्रोत (कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने) | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| | | |

ख) खर्चतर्फ

| खर्चको विवरण | दर | परिमाण | जम्मा |
|---|---|---|---|
| खर्चको विवरण | | | |
| १. सामग्री (के के सामग्री खरिद भयो ?) | | | |
| | | | |
| | | | |
| २. ज्याला (केमा कति ज्याला भुक्तानी भयो? | | | |
| | | | |
| | | | |
| ३. श्रमदान (कति जनाले श्रमदान गरे?) | | | |
| | | | |
| | | | |
| ४. व्यवस्थापन खर्च (ढुवानी तथा अन्य खर्च) | | | |

ग) मौज्दात

| विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|
| १. नगर | | |
| बैंक | | |
| व्यक्तिको जिम्मा | | |
| २. सामग्रीहरु | | |
| | | |
| | | |

घ) भुक्तानी दिन बाँकी

| विवरण | रकम वा परिमाण |
| --- | --- |
| | |

४. सम्पन्न योजनाको लक्ष्य तथा प्रगति विवरण

| कामको विवरण | लक्ष्य | प्रगति |
| --- | --- | --- |
| | | |
| | | |

५. योजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या (योजना संचालन भएको स्थानका उपभोक्ताहरु) ।

६. योजना संचालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड (कस कसले कस्तो कस्तो कामको जिम्मेवारी लिएका थिए? खुलाउने)

**अनुसूची.१२**

(बुँदा ८.३ संग सम्वन्धित)

योजना तर्जुमा प्राथमिकीकरण सूचकहरु र अंकभारको ढाँचा

जिल्लाः गाउँ विकास समितिः आ.व.

| क्र. सं. | योजनाको नाम | सूचक र अंकभार | | | | | | | | | | | | | कूल अंकभार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | | क<br>१-४ | ख<br>१-४ | ग<br>१-४ | घ<br>१-४ | ङ<br>१-४ | च<br>१-४ | छ<br>१-४ | ज<br>१-४ | झ<br>१-४ | ञ<br>१-४ | ....<br>१-४ | ....<br>१-४ | ...<br>१-४ | | |
| 2. | | | | | | | | | | | | | | | | |
| 3. | | | | | | | | | | | | | | | | |
| 4. | | | | | | | | | | | | | | | | |
| 5. | | | | | | | | | | | | | | | | |
| 6. | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | |

तयार गर्नेको सही.................................. स्वीकृत गर्नेको सही........................................

नामः नामः

पदः पदः

**नोटः** स्थानीय वस्तुस्थिती अनुसार सूचकहरु माथि दिइएको भन्दा फरक, घटी वा बढी पनि हुन सक्ने हुँदा प्रत्येक स्थानीय निकायले योजना तर्जुमाको सन्दर्भमा विभिन्न चरणमा छलफल, जानकारी र लेखाजोखाको आधारमा सूचकहरु तय गर्नुपर्छ ।

योजना तथा कार्यक्रमका प्राथमिकीकरणका सूचकहरुः

क) स्थानीय जनसहभागिताको प्रतिवद्धता भएको (कूल लागतको ३० प्रतिशत भन्दा बढी जनसहभागिता हुने),

ख) गरीवी न्यूनीकरणमा सहयोग पु¥याउने (स्थानीय निकायले अति विपन्न भनी पहिचान गरेको समुदायलाई फाइदा हुने),

ग) आयोजनाबाट बढी प्रतिशत घरधुरी लाभान्वित हुने,

घ) बढी भन्दा बढी दलित तथा पिछडिएका वर्गलाइ लाभ पु¥याउने,

ङ) महिला, बालबालिका, बृद्धबृद्धा, अपाङ्ग र असहाय लक्षित भएको,

च) वातावरण संरक्षण गर्ने र श्रोत बढाउन सघाउने,

छ) दुर्गम वा पिछडिएको क्षेत्रका वस्ती र समूदायलाई लाभ पु¥याउने (आफ्नो क्षेत्रको सबभन्दा दुर्गम वा पिछडिएको वस्तीलाई आधार मान्ने),

ज) संचालन र मर्मत सम्भार प्रति प्रतिवद्ध रहेको (उपभोक्ताले नै मर्मत संभार र भोगचलन गरी दिगो रुपमा लाभ लिन सक्ने खालका,

झ) विगतका योजनामा लगातार नपरेको,

ञ) स्थानीय समुदाय, उपभोक्ता समिति र गैर सरकारी संस्था मार्फत कार्यान्वयन गर्न सकिने, आदि ।

योजनाको प्राथमिकीकरण गर्दा माथि उल्लेखित सूचकहरुलाई महत्वका आधारमा न्यूनतम १ देखि अधिकतम ४ अंक (कम महत्वकालाई १, सामान्यलाई २, राम्रोलाई ३ र सबभन्दा बढी महत्वकोलाई ४ अंकभार) दिनु पर्नेछ । यसरी अंकभार दिएपछि सबैभन्दा बढी अंक प्राप्त गर्ने योजनाहरुलाई उपलव्ध श्रोत साधनको आधारमा योजनाका लागि छनौट गरिनु पर्दछ ।